जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक २८, २०७७ साल चैत १३ गते शुक्रबार, नेपाल संवत् ११४१ (March. 26, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## नेपाल दक्षिण एसियाकै खुसी देश

काठमाडौं । यसै साता सार्वजनिक एक अन्तर्राष्ट्रिय प्रतिवेदनले नेपाल खुसी हुने मुलुकको सूचीमा दक्षिण एसियामै अगाडि देखिएको छ । संयुक्त राष्ट्रसंघ दिगो विकास समाधान नेटवर्कले सार्वजनिक गरेको 'वर्ल्ड ह्यापिनेश रिपोर्ट २०२१' मा नेपाल दक्षिण एसियाका अन्य मुलुकभन्दा खुसी हुनेमा अघि देखिएको हो ।

विश्वका १ सय ४९ मुलुकमा गरिएको सर्वेक्षणमा नेपाल पाँच दशमलव २६ बाँकी ८ पेजमा

## काबु बाहिर क्षयरोग

काठमाडौं । नेपालमा क्षयरोग नियन्त्रणका लागि स्वास्थ्यकर्मी नहुँदा नियन्त्रणबाहिर जान लागेको संकेत मिलेको छ । एक वर्षको तथ्यांक हेर्दा क्षय रोगबाट एकैदिन ४६ जनाको मृत्यु भएको पाइएको छ । सर्वेक्षणअनुसार हाल नेपालमा ४१ हजारभन्दा बढी क्षयरोगी रहेको तर उनीहरूलाई पत्ता नै लगाउन नसकिएकाले उपचारमा समस्या भएको राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले जनाएको छ ।

आव ०७५।७६ मा सम्पन्न क्षयरोग प्रिभ्यालेन्स सर्वेक्षणले नेपालमा प्रत्येक वर्ष करिब ६९ हजार नयाँ क्षयरोगका बिरामी थपिने गरेका छन् बाँकी ८ पेजमा

# एमालेमा पद, प्रतिष्ठा र सत्ताको लडाइँ



काठमाडौं । सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (एमाले) मा पद, प्रतिष्ठा र सत्ताको झगडा उत्कर्षमा पुगेको छ । एमालेको ओली समूह र नेपाल-खनाल समूहको टकरावले पार्टीलाई नै विखण्डनतर्फ उन्मुख गराएको छ । ओली र खनाल नेपाल समूहबीच विचार, सिद्धान्त र कार्यदिशाबारे विवाद नभए पनि एकले अर्कोलाई निषेध गर्दै पार्टी कब्जा गर्ने रणनीतिले मुलुककै राजनीतिलाई प्रभावित बनाएको छ । एमाले शीर्ष नेतृत्वबीच पल्पनाएको वैमनस्यताको असरले संघीय संसद नै हब्ब न चब्बको अवस्थामा छ ।

अधिवेशन सुरु भएपछिका ५ वटा बैठकमा शोक प्रस्ताव पारित, आयोगका वार्षिक प्रतिवेदनबाहेक सरकारले महत्वपूर्ण विषय प्रस्तुत गरेको छैन । प्रतिनिधिसभा विघटन बदर भएको एक महिना पुगेको छ । तर प्रधानमन्त्री केपी शर्मा ओली प्रतिनिधिसभाको बैठक कक्षमा प्रवेश गरेकै छैनन् । गत असारयता जारी आठवटा अध्यादेशमध्ये एउटा (संवैधानिक परिषदसम्बन्धी) मात्र सरकारले प्रतिनिधिसभामा पेस गरेको छ ।

प्रमुख प्रतिपक्ष कांग्रेस, सत्ता सहयात्री माओवादी केन्द्र, एमालेको नेपाल-खनाल पक्ष र जनता समाजवादी पार्टी सत्ताको जोडघटाउ र आन्तरिक किचलोमै रुमल्लिइरहेका छन् । सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनलाई बदर गरेपछि पुनर्स्थापित प्रतिनिधिसभा बैठकमा दलका शीर्ष नेताहरूले अहिलेसम्म सम्बोधन नगर्नुले प्रतिनिधिसभाको अवस्थालाई प्रस्ट पार्छ ।

नेपालका कम्युनिस्ट पार्टीमा एकता, गुट र फुटका अनेक नजीर छन् । एकदलीय निरंकुश पञ्चायती कालखण्डदेखि नै नेपाली कम्युनिस्टहरू विभिन्न समूहमा विभक्त भएर आआफ्नै शैलीमा संघर्षरत थिए । तीमध्ये झापा विद्रोहको पृष्ठभूमिको माले अरु समूहभन्दा प्रभावशाली थियो ।

नेकपा (मार्क्सवादी) पुराना कम्युनिस्ट नेता मनमोहन अधिकारीको नेतृत्वमा थियो । यी दुई पार्टीबीचको एकताले एमाले जन्मायो । मूलतः माले हुँदै एमाले भएर आउने बेलासम्म भूमिगत कालमा पनि पार्टीमा दुई धार थियो । ०३९ सालमा पार्टीमा दुई लाइनबीच संघर्ष चल्यो, पार्टी स्वतन्त्रता र राजनीतिक स्वतन्त्रता । तत्कालीन मालेका संस्थापक महासचिव सीपी मैनालीले पार्टी स्वतन्त्रता पक्षधरहरूको नेतृत्व गरे भने झलनाथ, मदन भण्डारीहरूले राजनीतिक स्वतन्त्रता समूहको नेतृत्व गरेका थिए । राजनीतिक स्वतन्त्रता पक्षधरहरूको बहुमत भएका कारण महासचिव मैनाली अपदस्थमा परे ।

उनलाई प्रवास हेर्ने गरी भारत लखेटियो । पुष्पलाल समूहबाट फुटेका पूर्व मुक्ति मोर्चाबाट आएकाहरूले विस्तारै माले कब्जा गरे । ०४६ सालको आन्दोलनले पार्टी स्वतन्त्रताको सीपीलाइन सही भएको प्रमाणित गर्‍यो । तर तत्कालीन माले नेतृत्वले सीपीलाई पाखा लगाइ नै रह्यो । राजनीतिक स्वतन्त्रताको लाइन गलत भएको समीक्षा समेत गरेन ।

माले पाँचौं राष्ट्रिय महाधिवेशनमा आइपुग्दा तत्कालीन महासचिव मदन भण्डारीले बहुदलीय जनवादको नयाँ लाइन अघि सारे । मूलतः यो बाटो युरो कम्युनिज्मको बाटो थियो । बहुदलीय जनवादका प्रणेता एन्टिनियो ग्राम्सी थिए । मदन भण्डारीले बहुदलीय जनवाद अर्थात् ग्राम्सीवादलाई मालेमा प्रवेश गराए । तर उनले पार्टीलाई मार्क्सवादी लेनिनवादी नै भनिदिए । सीपी मैनाली नौलो जनवादका पक्षमा उभिए । अन्ततः महाधिवेशनले भण्डारीको बहुदलीय जनवादको लाइनलाई पारित गर्‍यो ।

सीपीको नौलो जनवादको धार महाधिवेशनमा अल्पमतमा पर्‍यो । यहीँदेखि मालेभित्र दुईलाइन दुई विचारधारा, दुई दृष्टिकोणबीच अन्तरसंघर्ष सुरु भयो । यही पेरिफेरीमा तत्कालीन एमाले महासचिव दासढुंगा मोटर दुर्घटनामा परी दिवंगत भए । नेतृत्व माधवकुमार नेपालको हातमा आयो । नेपालले बहुदलीय जनवादलाई नै पार्टीको मार्गनिर्देशक सिद्धान्त बनाउँदै डेढ दशक एमालेको नेतृत्व गरे ।

नौलो जनवाद पक्षधरहरूलाई खुइल्याउने काम मदन भण्डारीले सुरु गरिसकेका थिए । माधव नेपालले यसलाई निरन्तरता मात्र दिएनन् सीपी, आरके मैनाली, मोहनचन्द्र अधिकारीलगायतका पूर्वमाले नेताहरूलाई कर्नर गर्दै लगे । ०५४ मा एमाले नेताहरूबीच प्रस्ट गुटबन्दी देखियो । माधव नेपाल, केपी ओलीहरू एकातिर सीपी वामदेव, राधाकृष्ण मैनालीहरू अर्कोतिर ।

महाकाली सन्धिसम्म आइपुग्दा एमाले विभाजित नै भयो । ०५८ मा वामदेवहरू एमालेमा फर्किए तर सीपी मैनाली समूह अलग्गै बस्यो । अहिले पनि सीपीले नौलो जनवादी लाइनका साथ माले पार्टीको नेतृत्व गरिरहेका छन् ।

०५१ को संसदीय निर्वाचनमा एमालेले सामान्य बहुमत प्राप्त गर्‍यो र मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार बनायो । नौमहिने एमाले सरकारले केही दूरगामी प्रभाव पार्ने कार्यक्रमहरू ल्यायो । आफ्नो गाउँ आफैं बनाऊँ जेष्ठ नागरिक भत्ता जस्ता केही कार्यक्रमको ब्याज एमाले नेताहरूले अहिलेसम्म बाँकी ८ पेजमा

## बिउमा पनि परनिर्भरता

काठमाडौं । नेपाल कृषि प्रधान देश हो । यहाँको ६० प्रतिशतभन्दा बढी जनसंख्या कृषि पेसामा आबद्ध छ । बढ्दो सहरीकरण र युवाहरूको विदेश पलायनले कृषिमा आधारित जनजीवनको परिमाण घट्दै जाँदैछ । कृषियोग्य जमिन धमाधम प्लटिङ भइरहेका छन् । यसले देशको कृषि उत्पादनमा ह्रास ल्याइरहेको छ जसले खाद्यान्न आयात वर्षेनि बढिरहेको छ । कृषिलाई आधुनिकीकरण गर्ने र खाद्यान्न उत्पादनलाई बढाएर आत्मनिर्भर बन्नेतर्फ सरकारी प्रयास प्रभावकारी देखिएको छैन । धान उत्पादन वृद्धि भएको वर्ष नै चामल आयात बढ्नु आश्चर्यजनक छ ।

कृषिप्रधान देश नेपालमा कृषिजन्य खाद्यान्नदेखि बिउसम्म अरबौं मूल्य बराबरको आयात बाँकी ८ पेजमा

## होली पर्वमा कडाइ

काठमाडौं । जिल्ला प्रशासन कार्यालय काठमाडौंले सार्वजनिक स्थलमा होली खेल्न रोक लगाएको छ । कोभिड- १९ संक्रमणको दर बढ्दै गएको अवस्थामा सार्वजनिक स्थलमा भेला भई होली खेल्न रोक लगाइएको काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले बताए ।

चैत १५ र १६ गते होली पर्वलाई घरमै मनाउन समेत जिल्ला प्रशासनहरूले आग्रह गरेका छन् । काठमाडौं उपत्यकामा संक्रमणको जोखिम बढ्दै गएकाले सार्वजनिक स्थलमा भीडभाड नगर्न समेत उनीहरूले आग्रह गरेका छन् । भक्तपुरले अर्को सूचना जारी नभएसम्म मेला, जात्रा, सांस्कृतिक कार्यक्रमहरू नगर्न पनि निर्देशन दिएको छ । ललितपुर जिल्ला बाँकी ८ पेजमा

# जसपालाई फकाउँदै ओली





काठमाडौं । नेकपा एमाले र माओवादी केन्द्रबीचको सत्ता समीकरण खतरामा पर्न थालेपछि नेकपा एमाले र प्रतिपक्षी जनता समाजवादी पार्टी (जसपा) बीच सत्ता सहकार्य सुरु भएको छ । सहमतिलाई केही दिनमा नै लिखित रूप दिने गरी छलफल जारी राखिएको जनाइएको छ । माओवादी केन्द्रले जुनसुकै बेला समर्थन फिर्ता लिन सक्ने स्थिति देखिएपछि सत्तारुढ नेकपा एमालेले जसपासँग सत्ता समीकरण थालेको हो ।

दुवै पार्टीबीच कार्यदल गठन गरी निरन्तर छलफल भइरहेको र छिट्टै औपचारिक सहमति हुने छलफलमा सहभागी एक नेताले बताए । धेरै कुरामा दुवै दलका शीर्ष नेता सहमतिनजिक पुगिसकेको उनले बताए ।

एमालेबाट संसदीय दलका उपनेता सुवास नेम्वाङसहित विष्णु पौडेल र राजन भट्टराई तथा जसपाबाट नेता लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ला कार्यदलमा छन् । यो कार्यदलको छलफल निरन्तर जारी रहेको नेता नेम्वाङले बताए ।

प्रधानमन्त्री केपी शर्मा ओलीसमेत आफैं जसपालाई सरकारमा सहभागी गराउने कसरतमा छन् । प्रधानमन्त्री ओलीले केही समयदेखि आफैं जसपा अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतोसँग बालुवाटारमा छलफल गरिरहेका छन् । सरकारलाई समर्थन गरेको नेकपा (माओवादी केन्द्र)ले समर्थन फिर्ता लिनेबित्तिकै जसपाबाट समर्थन गराउने रणनीतिमा ओली रहेका छन् ।

एमाले र जसपा मिल्दा संसद्मा सरकारको पक्षमा बहुमत जुट्ने नेता नेम्वाङले बताए । जेलमा रहेका सांसद रेशम चौधरीको रिहाइ, लाल आयोग सार्वजनिक गर्नुपर्ने, संविधान संशोधन, झुटा मुद्दा फिर्तालगायतका माग जसपाले उठाउँदै आएको छ । यी सबै मागका विषयमा दुवै दलबीच छलफल चलिरहेको नेता नेम्वाङले जानकारी दिए ।

जसपा नेता कर्णले दुवै दलबीच छलफल भए पनि सहमति केही हुन नसकेको बताए । यद्यपि, आफूहरूका मागबारे प्रधानमन्त्री ओली सकारात्मक रहेको उनले बताए ।

जनता समाजवादीका ३६ सांसद छन् । २ जना निलम्बित छन् । पूर्व संघीय समाजवादी पार्टी र राष्ट्रिय जनता दल एकीकरण भएर जसपा बनेको हो । जसपाभित्रको संघीय समाजवादी पार्टीका उपेन्द्र यादव, बाबुराम भट्टराई भने ओलीसँग सत्ता समीकरणको पक्षमा छैनन् ।

## मालेले पारित गर्‍यो महत्वपूर्ण प्रस्ताव

काठमाडौं । नेकपा (माले) को हालै सम्पन्न सातौं केन्द्रीय कमिटीको १३ औं पूर्ण बैठकले दुई महत्वपूर्ण प्रस्तावलाई पारित गरेको एक विज्ञप्तिमार्फत जनाइएको छ । पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'नेकपा (माले) को हालै सम्पन्न सातौं केन्द्रीय कमिटीको १३ औं पूर्ण बैठकले पारित गरेका दुई महत्वपूर्ण प्रस्तावलाई यस प्रेस बक्तव्यद्वारा सार्वजनिक गर्दछु ।

१. नेपालमा चल्ने सबै सवारी र भारवाहक गाडीहरूमा इम्बोस्ड नम्वर-पाता राख्ने नेपाल सरकारको निर्णय निम्न दुई कारणले आपत्तिजनक भएको नेकपा (माले) को यस बैठकले ठहर गरेको छ : (क) वर्तमान संविधानको धारा ७ (१) को विपरित बाँकी ८ पेजमा

## लोकसेवा आयोग पदाधिकारीविहीन

काठमाडौं । सरकारी कर्मचारी भर्ना लिने संवैधानिक अंग लोकसेवा आयोग यतिबेला पदाधिकारीविहीन बनेको छ । आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीसहित पाँचजना पदाधिकारीको मंगलबार पदावधि सकिएपछि आयोग पदाधिकारीविहीन बनेको हो । मैनालीसहित सदस्य बाँकी ८ पेजमा

## ६० प्रतिशत मात्रै राजस्व असुली

काठमाडौं । आर्थिक वर्ष २०७७/७८ को वार्षिक लक्ष्यको तुलनामा आठ महिनामा ५९ दशलमव ६९ प्रतिशत मात्रै राजस्व असुली भएको छ । अर्थ मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०७७/७८ को दोश्रो चौमासिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा सो कुरा प्रस्तुत गरिएको हो । २०७७ फागुन मसान्त सम्ममा ६ खर्ब ३ अर्ब ९२ करोड रुपैयाँ राजस्व असुली भएको छ । जुन फागुन सम्मको लक्ष्यको तुलनामा ९७ दशमलव ८० प्रतिशत हो ।

११ चैत २०७७ सम्म ६ खर्ब ४१ अर्ब राजस्व असुली भएको छ । आर्थिक वर्ष २०७७/७८ मा १० खर्ब ११ अर्ब रुपैयाँ राजस्व असुल्ने लक्ष्य राखिएको थियो । आर्थिक वर्ष बाँकी ८ पेजमा

## चीनले बनाउने भयो चक्रपथ

काठमाडौं । कलंकीदेखि महराजगन्ज-धोबीखोला चक्रपथ दोस्रो खण्ड सडक विस्तार अब चीन सरकारको जिम्मामा पुगेको छ । चक्रपथ विस्तार दोस्रो खण्डअन्तर्गत विस्तारका लागि पूर्वतयारी सकिएसँगै चीन सरकारलाई आमन्त्रण गर्न लागिएको हो ।

विस्तारका लागि चीनबाट टोली आएसँगै काम सुरु हुने जनाइएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार विस्तारस्वरूप पूर्वतयारी मुख्य बाँकी ८ पेजमा

## फेरि कोरोनाको सन्त्रास

काठमाडौं । भारतमा दोस्रो भेरिएन्टको कोरोना संक्रमण देखिएपछि नेपालको सीमानाकामा सतर्कता र कडाई गर्न शुरु गरिएको छ । भारतसँग खुला सिमानाका कारण नेपालमा पनि जोखिम बढ्न सक्ने भन्दै सीमा क्षेत्रमा सतर्कता अपनाउन थालिएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि विस्तारै कोरोना संक्रमितको संख्या बढ्न सक्ने आकंलन गरेको छ । नेपाल-भारत सीमामा दैनिक हजारौंको आवत-जावत हुँदै आएकाले संक्रमणको दोस्रो लहर आउन सक्ने मन्त्रालयको अनुमान रहेको छ । पछिल्लो समय होली पर्व मनाउनका लागि भारतबाट फर्कनेहरूको चाप बढेको छ । भारतसँग सीमा जोडिएका जिल्लाका नाकामा सुरक्षा र स्वास्थ्य सतर्कता बढाइएको प्रहरी अधिकारीहरू बताउँछन् ।

प्रदेश नम्बर-२ का सीमानाकाबाट स्वदेश फर्कनेको 'ट्राभल हिस्ट्री' हेर्नेदेखि ज्वरो जाँच र पीसीआर रिपोर्टको समेत जाँच गर्न थालिएको छ । बाँकी ८ पेजमा

# राष्ट्रिय पहिचानको अर्थ

**समय सन्दर्भ**

**अमूल्य थारू**

राष्ट्रवाद र प्रजातन्त्र दुवैलाई उत्तिकै सम्मान गर्ने असल नेतृत्व स्थापित हुन सकेन भने कथित परिवर्तन आफैंमा अभिशाप सिद्ध हुन्छ । नेपालमा २०६२।६३ सालको परिवर्तन आफैंमा अभिशाप ठहरिएको छ । यसले जनतामा उत्साह, उमंग र आशा जगाउन सकेन । 'ढिँडो खानेहरू भुजा ज्यूनार' गर्न थाले । झुप्राहरूबाट महलमा बसाइँ सर्ने केही सीमित व्यक्ति गणतन्त्रप्रति सन्तुष्ट देखिए तर बाँकी जनता तातो तावाबाट भुङ्ग्रोमा परेको अनुभूति गरिरहेका छन् ।

राष्ट्रप्रतिको पूर्णतः बफादारी र समर्पण हो- राष्ट्रवाद । पहाडवाद, मधेशवाद, उपत्यकावाद, हिमालवाद वा जातिवादको तुलना राष्ट्रवादसँग हुनै सक्दैन । राष्ट्रवाद बृहत्तर र उदात्त



चिन्तनको बलियो धरातल हो । तर प्रधानमन्त्री हुनेहरूले पनि नेपाली राष्ट्रवादको निहीतार्थ बुझ्न सकेनन् । त्यसैले उनीहरू दिल्लीकी एउटी क्याथोलिक विधवाको आज्ञाकारी सेवक बनेर गणतन्त्रको माला जपिरहेका छन् ।

नक्कली कुरा गर्नेलाई जनताले पत्याउँदैनन् । पुलाउ र बँदेलको मासु खाएको गफ गर्ने र एकैछिनमा ढिँडो गुन्द्रुक वान्ता गर्नेहरू धेरै छन् । शाखा अधिकृत परीक्षामा समेत फेल भएका अयोग्यलाई दरबारले प्रधानमन्त्री बनायो तर राष्ट्र संकटमा पर्दा ती मैदान छोडेर भागे । कृतघ्न ठहरिए । राष्ट्रिय पहिचानका पक्षमा उभिएनन् ।

विश्व प्रसिद्ध विद्वान् फ्रान्सिस फुकुयामाको ठहर छ, 'राष्ट्रिय पहिचान र राष्ट्र निर्माण एकअर्काका परिपूरक हुन् ।' नाइजेरियाको उदाहरण दिँदै उनले एउटा अनुसन्धानात्मक लेखमा भनेका छन्, जातीय पहिचान मात्रै खोज्दा राष्ट्रिय पहिचानको अस्तित्व संकटमा पर्न सक्छ । सोभियत संघ टुक्रिनुमा पनि जातीय पहिचानको उन्माद प्रमुख कारकतत्व भएको उनको तर्क छ । स्पष्ट छ, सोभियत संघ टुक्राटुक्रा भएपछि त्यहाँका प्रायः सबै राज्य अनाथजस्ता बनेका छन् ।

भ्रष्ट, अकर्मण्य, दास र दृष्टिहीन कथित नेताहरूका भरमा राष्ट्रको भविष्य सुम्पिने तपाईं हामी आफैं मूर्ख हौं कि होइनौं ? के आज देशमा प्रजातान्त्रिक शासन छ ? विधिको शासन छ ? बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्भना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### धमिलिएको राजनीतिक अवस्थाको गम्भीर प्रभाव

प्रधानमन्त्री केपी ओलीले गरेको संसद विघटनलाई सर्वोच्च अदालतले पुनःस्थापना गरे पनि मुलुकमा राजनीतिक अन्यौलता हट्न सकेको छैन । संसद पुनःस्थापनाको तेह्र दिनपछि नै सर्वोच्चले मुलुकको सत्तासीन दललाई समेत छिन्नभिन्न बनाउने खालको फैसला गरिदिएपछि त्यसको प्रत्यक्ष असर अहिले राजनीतिमा देखिन थालेको छ । नेकपा (एमाले) र माओवादी केन्द्र आआफ्नो बाटो लागेर केन्द्रीय कार्यालयदेखि जिल्ला, गाउँ तहका कार्यालयसम्म खुला गर पनि यी दलभित्र देखिएको तरंगले राजनीतिक बजार तताइरहेको छ । माओवादी केन्द्रका शीर्ष नेताहरूले नेकपा एमालेको ओली क्याम्पमै डेरा जमाइदिएपछि राजनीतिको केन्द्रबिन्दुकै अवस्थामा रहेका प्रचण्ड संकटमा परेका छन् भने ओलीको निरन्तर लखेटाइले एमालेको माधव नेपाल समूह किंकर्तव्यविमुढको स्थिति झेलिरहेको छ । उता वामपन्थी विभाजनको लाभ हासिल गर्ने अवस्थामा पुगेको कांग्रेस नेतृत्व अनिर्णयको बन्दी अवस्थामा देखिन्छ भने राजपा फुटको संघारमा उभिएको छ । यो असहज अवस्थाले गर्दा मुलुकको निकास अन्यौलताको भुमरीमै लामै समय फसिरहने देखिन्छ ।

सर्वोच्च अदालतले गरिदिएको पार्टी विभाजनसँगै अझै बढी अहंकारको घोडा सवार गरिरहेका प्रधानमन्त्रीले आफ्नो विरोधीहरूलाई निमिट्यान्नै पार्ने गरी बदला लिन खोजिरहेका छन् । पार्टीभित्रको आन्तरिक कलह र शक्ति संघर्ष सदाका लागि अन्त्य गर्दै आफू विरोधीविहीन शक्तिशाली नेताको रूपमा उभिने प्रयासमा प्रम ओली लागेको देखिन्छ । यसैको तयारी स्वरूप उनले माधव नेपालसहित पार्टीका प्रमुख चार जना नेताहरूलाई कारबाही गर्ने धम्किसहित स्पष्टीकरण सोधेका छन् । माधव समूहको छुट्टै भेला र तलदेखि माथिसम्मको बेग्लै संगठन निर्माणलाई हेर्दा अब एमाले पूर्ववत् रूपमा सिंगो एमालेको रूपमा रहने देखिँदैन । दुईतिहाईको हाराहारीमा पुगेको प्रमुख दलमा आएको फुट र विभाजनले जनताको मतको घोर अवमूल्यन एकातिर गरेको छ भने अर्कातिर वामपन्थी एकतामा समेत ठूलो धक्का पुगेको छ । सत्तासीन पार्टीमा मात्र होइन, प्रतिपक्षीमा रहेको कांग्रेस पनि अन्तर्कलहको भुमरीमा परेको छ । पार्टी सभापति शेरबहादुर देउवाले मुलुकको जिम्मेवारी लिने अवसर पाए पनि उनी अहिले पनि ओलीकै साँठगाँठबाट मुक्त हुन सकेका छैनन् । माओवादी सरकारको समर्थनमा अझै झुन्डिरहेकै छ । अविश्वासको प्रस्ताव अघि नबढाउने भनेर देउवाले बोलिरहेको अवस्था छ । राजपा फुटाएर भए पनि समर्थन लिने प्रयासमा ओली लागिरहेका छन् ।

राजनीतिमा बढिरहेको फोहोरी खेलले मुलुकको विकास निर्माण नराम्रोसँग प्रभावित हुने देखिन्छ । नेताहरूको ध्यान राजनीतिक् जोडघटाउमा केन्द्रित भएका कारण विकास निर्माण कछुवा शैलीमा मात्र अघि बढेको छ । विकास बजेट खर्च हुन सकेको छैन भने भएका विकास निर्माण गुणस्तरहीन अवस्थामा रहेका छन् । राष्ट्रिय गौरवका आयोजनाको लक्ष्यसमेत प्रभावित बनेका छन् । मुलुकमा महँगी र बेरोजगारीको अवस्था चरम रूपमा बढेको छ । युवा बेरोजगारीले समाजमा नकारात्मक अवस्था सिर्जना भएको छ । छिटो धनी हुने लोभमा कृषि योग्य जमिन टुक्र्याएर घडेरी बनाउने क्रम बढेको छ । कृषियोग्य जमिन प्लटिङले सखार बनाउँदा पनि सरकार तमासे बनेर बसेको छ । सर्वत्र बेथिति र विसंगतिको रजाइँ चलिरहेको अवस्थतामा धमिलिएको राजनीतिले मुलुकको अवस्था जर्जर बनाउने निश्चित छ ।

# अब जायज नाजायज जे पनि हुन सक्छ, तयार भएर बसौं



**सुरेन्द्र ढकाल**

नेपालको संविधानअनुसार केपी ओली प्रधानमन्त्री भएको अवस्था धारा ७६ (२) अनुरुपको नेकपा एमाले र माओवादी केन्द्रको संयुक्त सरकार थियो । कालान्तरमा यी दुई पार्टी मिली डबल नेकपा बनाए । सोअनुरुप केपी ओली धारा ७६ (१) अनुरुप बहुमत प्राप्त सरकारको प्रधानमन्त्रीमा रुपान्तरण हुन पुगे । अमेरिकासँग भएको एमसिसि राष्ट्र हितमा छ भन्ने प्रधानमन्त्री ओली र राष्ट्र हितविपरीत छ, सच्याएर मात्र सहमति गर्न सकिन्छ भन्ने बीच द्वन्द्व बढ्दै जाँदा संसद विघटन हुन पुग्यो । सरकारको त्यो निर्णयलाई सर्वोच्चले संविधानविपरीत भन्दै उक्त दुई दलबीच एकता भई बनेको डबल नेकपालाई अदालतले ऋषि कट्टेलको नेकपासँग नाम जुध्न गएको कारण खारेज गरेपछि सरकार फेरि ७६ (२) को अवस्थामा पुगेको छ ।

अब नेकपा माओवादी केन्द्रले समर्थन फिर्ता लिएमा धारा ७६ (४) अनुसार ओली सरकारले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ । विश्वासको मत लिन नसकेमा उनी विस्थापित हुन्छन् । ओलीका प्रधान शत्रु बनिसकेका प्रचण्ड किन माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिन सकेका छैनन् त ? किन अविश्वासको प्रस्ताव संसदमा दर्ता गर्न सकेका छैनन त ? उनलाई राम्रै थाहा छ, एमसिसिकै कारण नेपालको राजनीति अहिले डावाडोल बनेको छ ।

**ओलीका प्रधान शत्रु बनिसकेका प्रचण्ड किन माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिन सकेका छैनन् त ? किन अविश्वासको प्रस्ताव संसदमा दर्ता गर्न सकेका छैनन त ? उनलाई राम्रै थाहा छ, एमसिसिकै कारण नेपालको राजनीति अहिले डावाडोल बनेको छ ।**

एमसिसिका कट्टर समर्थक भनेको ओली र देउवा नै हुन् । देउवा प्रधानमन्त्री बने रे भने पनि उनले एमसिसी सदनबाट अनुमोदन गराउन ओली समर्थक सदस्यहरूको मत प्राप्त गर्नुपर्छ सकेनन् भने उनको राजनीति पनि सकिन्छ । यसबाहेक राप्रपा यसै पनि एमसिसिको पक्षधर भइहाल्यो । ओलीले गरेको संसद विघटनको पक्षमा रहेको नेपाल मजदुर किसान पार्टीको पनि समर्थन ओलीलाई हुने भएपछि संसदमा ओली विरुद्धको प्रस्ताव सफल हुने देखिन्न ।

ओली विरुद्धको प्रस्तावको पक्षमा बहुमत पनि नपुग्ने अवस्थामा ठूलो दलको नेताको कारण धारा ७६ (३) को अल्पमतको सरकार बन्ने भनेको फेरि ओलीकै सरकार हो । त्यसले विश्वासको मत लिन सकेन र अरु कुनै बहुमत सिद्ध गर्न सक्ने धारा ७६ (५) को सर्वमान्य सांसद संसदभित्र देखिएन भने संविधानमा राष्ट्रिय सरकारको प्रावधान नभएको कारण ओलीले नै चुनाव गराउने स्थिति देखिन्छ । त्यसो भएमा आफ्नो दल कतै बढारिने पो हो कि भन्ने चिन्ता प्रचण्डलाई भएकै कारण न यसले समर्थन फिर्ता लिने आँट गरेको छ, न त ओलीविरुद्ध अविश्वासको प्रस्ताव संसदमा दर्ता नै गर्न सकेको छ ।

अर्कोतर्फ एमाले ब्यूँतिएपछि कि फोडेर देखाउन सक्नु पर्‍यो कि त ओलीसँग मिल्न जान सक्नु पर्‍यो । यी दुवै कुरा तय गर्न माधव- झलनाथ खेमाले सकिरहेको छैन । त्यस्को ठीक उल्टो माधवहरूलाई कारबाही गरी पार्टीबाट हटाउने कार्य ओलीले शुरु गरिसकेको अवस्थामा माधव पक्ष सांसदहरूको सांसद पद गुम्ने खतरा बढेको छ ।

अर्कोतर्फ चतुर ओली जनता समाजवादीलाई फुटाएर आफ्नो पक्षमा ल्याउन कोसिस गरिरहेका छन् । यस अवस्थामा ओलीले नै निरन्तरता पाउने देखिन्छ । नदेखिएमा जस्तोसुकै कार्य गर्न पनि ओली तयार छन् किनकी राष्ट्रपति ओलीकै रबर स्ट्याम्प हुन् । २ बाट १, फेरि २ अब ५ हुने डर एमसिसी पैदा गराएको हो । एमसिसिकै कारण डबल नेकपा चट, यसकै कारण एमाले दुई टुक्रा, जनता समाजवादी दुई टुक्रा, कांग्रेस दुई टुक्रा, नेपालमा सबैतिर अमेरिकी र भारतीय एजेन्टहरू मात्रै देखेपछि चीन बेचैन ।

नेपालको आन्तरिक राजनीतिमा अमेरिका र भारत त पसेकै थिए । अब चीन पनि कम्मर कसेर पस्ने सम्भावना छ । अब जायज, नाजायज जे पनि हुन सक्छ, तयार भएर बसौं ।

# प्रदेश सरकार भत्किने जोखिम बढ्दै



**गोविन्द विक**

**पार्टीमा कसैले पनि त्याग गर्ने नैतिकता हराएको छ । जसरी पनि आफूभन्दा ठूलो र यो मुलुकका लागि मभन्दा अर्को विकल्पमा कोही छैन भन्ने अहंकारले गर्दा आज पार्टी त सिद्धिने नै भयो जसका कारणले संघीय लोकतान्त्रिक गणतन्त्र नै डगमगाउने अवस्था हुँदैछ**

नेकपा एमाले भित्रको मनमुटाव चुलिएका बेला कर्णाली प्रदेशमा एमालेले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै नेकपा एमालेको विवादले प्रदेश सरकार भत्किने जोखिम बढदै गएको छ । कर्णाली प्रदेशमा नेकपा माओवादी केन्द्रको नेतृत्वमा प्रदेश सरकार गठन भएको थियो । पछि दुबै पाटी एमाले र माओवादी एकता भएपछि नेकपाको सरकार थियो ।

अदालतले एमाले र माओवादी छुटाइदिए पछि अहिले मुलुकमा राजनैतिक अन्योलता दिनदिनै अध्यारोतिर गइरहेको छ । एमालेभित्र नै विखन्डनको अवस्था बढदै गएको छ । एमालेमा माधव कुमार नेपाल र झलनाथ खानाल एकालिर छन भने प्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओली अर्कातिर छन । तत्कालिन नेकपा पार्टी हुँदा ओलीलाई एक्लाएर माधव, झलनाथ र प्रचन्ड एउटै चुलोमा थिए तर अदालत नेकपालई बैधानिकता नदिएपछि प्रचन्ड आफ्नै घर फर्किएर आफना सन्तानलाई भेला गर्दै आफ्नै चुलो चौका जोडिरहेका छन भने माधव र झलनाथ अलमलमा देखिएका छन ।

अध्यक्ष ओलीसँग नझुक्ने बरु समानन्तर गतिविधि चलाउनका लागि माधव र झलनाथले आफू इतरका नेता तथा कार्यकर्तालाई बोलाएर राष्ट्रिय भेला गरेका छन । यसमा ओली पक्षलाई पार्टीहित विपरितका नेताको रुपमा चित्रण गर्न खोज्दैन भने यता ओली पक्षका नेताहरूले जसरी पनि एमालेको सर्वेसर्वा ओली मात्र हुन भन्ने ढोल पिटेर हिडेका छन । अध्यक्ष ओली जसरी पनि माधव र झलनाथ खेमालाई तह लगाउने खेलमा विभिन्न गतिविधिहरू गर्दै हिडन थालेका छन । कुनै पनि पक्ष ओली वा माधव झलनाथ कसैले पनि एकअर्कालाई स्वीकार गरी समझदारीमा विगतका गल्तीहरूलाई म म भन्दै पार्टीलाई एक ढिक्का बनाएर अगाडी जाने भन्ने सोच र योजना भएको देखिदैन । प्रदेश एकमा पनि मुख्य मन्त्रीको विरुद्धमा अविश्वासको प्रस्ताव दर्ता छ तर प्रक्रिया अगाडी बढेको छैन ।

घरभित्रको झगडा छिमेकीले थाहापाएपछि छिमेकीले हेप्छन भन्ने उखान एमालेमा मिल्दैछ । सबै भन्दा ठूलो दलका रुपमा १२१ सिट लिएर उदाएको एमाले पाटी आज व्यक्ती व्यक्तीविचको टकरावले टुक्राटुक्रा हुने अवस्थामा पुग्दैछ ।

पार्टीमा कसैले पनि त्याग गर्ने नैतिकता हराएको छ । जसरी पनि आफूभन्दा ठूलो र यो मुलुकका लागि म भन्दा अर्को विकल्पमा कोही छैन भन्ने अहंकारले गर्दा आज पाटी त सिद्धिने नै भयो जसका कारणले संघीय लोकतन्त्रिक गणतन्त्र नै डगमगाउने अवस्था हुदैछ ।

जनमतबाट ठूलो भनिएको दलभित्रको यो अवस्थाले अब कहा कहा आगो लाग्ने हो ठेगान छैन तर यसले समग्र मुलुक र जनतालाई पक्कै असर गर्नेछ । अव कसका मान्छे कता भन्दै एमालेमा निम्तीएको विखन्डनको आगोले प्रदेशतिर डढेलो लाग्न थालेको छ । यसलाई जोगाउन अन्य राजनैतिक शक्तीहरू अगाडी नआउने हो भने संघीयता नै डढेर खरानी हुन बेर छैन । मुलुकमा राजनैतिक स्थिरता कायम गरी मुलुकलाई समृद्धीको मार्गमा लानका लागि नयाँ शक्तीको आवश्यक मुलुकले महशुस गरिसकेको छ । जनताले दिएको मतलाई ख्यालै नगरी आफै सत्तामा पुगे झै गरेर अहिलेका दलहरू नै विकासको बाधक बनिरहेका छन । पद र शक्तीका लागि आ आफै लड्दै दलहरूलाई ठिक छ उनीहरूले आफ्नै चाजोपाजो मिलाउनमा नै समय खेर फालिरहेका छन भने जनताको जिवनमा समृद्धी ल्याउने त कहिले हो कहिले । त्यसकारण अव हुने चुनावमा पनि जनताले यसरी नै भोट दिने बेलामा एकपटक नसोच्ने हो भने हामीले दुख पाउने नै भयो भावी पुस्ताले समेत यो दुख झेलीरहनु पर्नेमा कुनै दुविधा नै छैन ।

# राजनेताहरूको अदूरदर्शिताले राष्ट्र र जनता विपत्तिमा पर्छन्



सुदर्शन प्रधान

२०७२ आश्वीन २ मा नेपालको संघीय संविधान निर्माण भएपछि नेकपा (एमाले) र नेकपा(माओवादी) को विचमा संयुक्त सरकार बन्यो । जुन सरकारको प्रधान मंन्त्री के.पि.ओलि चुनियो । त्यसको वर्षदिन पनि नपुग्दै द्धन्दकालिन मुद्दाहरू व्यूँताउने र प्रचण्ड लगायत नेताहरूलाई जेल चलान गर्ने अभ्यास भयो । कम्युनिस्ट विरोधी देसि विदेसी शक्ति र श्रोतहरू त्यसमा सक्रिय भएको स्पष्ट थियो । तथापी के.पि.ओलि त्यसमा लागिरह्यो । त्यस घडीमा सरकारलाई टिकाउन पनि त्यस्तो संम्बेदनशील विषयमा वुद्धिमता पूर्वक चल्नु पर्ने र के गर्ने ? के नगर्ने ? भन्ने सम्बन्धमा तत्कालिन एमाले पार्टीका अरु मूल नेतृत्व झलनाथ खनाल, माधव कुमार नेपाल, बामदेव गौतम लगायत सबै मौन बसे, शसक्त दवाबहरू क्यै भएन । जसको परिणाम प्रचण्ड नेतृत्वको नेकपा, माओवादी आलोपालो सत्ताको नेतृत्व गर्ने शर्तमा नेपाली काग्रेस पार्टीसंग मिलेर सरकार बनायो, के.पी.ओली सरकार ढल्यो ।

२०७४ को स्थानिय निर्वाचनमा नेकपा (माओवादी) र नेपाली काग्रेस कतै संयुक्त भई त कतै छुट्टाछुट्टै चुनाव लडे । तर मंसीरमा भएको नेपालको प्रथम संघीय संसदिय निर्वाचनमा नेकपा(एमाले) र नेकपा(एकिकिट माओवादी) संयुक्त भई नडे । जुन निर्वाचनमा झण्डै दूई तिहाई बहुमत प्राप्त गरे संघमा र ६ वटा प्रदेशमा पनि स्पष्ट बहुमत हासिल गरे ।

युगौं अघि देखि सामन्तवादी र पुजीवादीहरूले जकडेको र विदेशी शक्तिहरू भीत्रभीत्रसम्म घुस्न सफल भएको नेपाली समाजको राजनीतिक, अर्थनीति, साँस्कृतिक, वैचारिक, दार्शनीक संरचना र नीतिहरूलाई कमश विस्थापन र निषेध गर्दै राष्ट्र र जनताको चौतर्फि उत्थान र परिवर्तन गर्न हरेक विषयमा मूलकेन्द्र, हरेक प्रदेश, जिल्ला, पालिका, वार्ड र टोलहरूमा विशेष समितिहरू गठन गर्दै जनतालाई जागरुक र सचेत तुल्याउदै, प्रगतिसिल कान्तिकारी विचारहरू र व्यवहारहरू गर्दै आएका सवैलाई समेटने, उचित सम्मानित गर्ने, सहयोग लिने दिने, सुझाव सल्लाहहरू माग्ने कार्यदिशा हुनपर्थ्यो । तव संम्बृद्ध नेपालको लागि पूर्वाधार तयार हुन्थ्यो । जुन कुरालाई निरन्तरता दिदै परिस्कृत, परिमार्जन र स्तर उन्नति गर्दै नदीको कडा धारझै वहनु पर्थ्यो । नेपालको संम्बीधानमा उल्लेख समाजवाद प्राप्त गर्न जनताको माग र आवश्यकतालाई मध्यनजर गर्दे संम्बीधानमा फेरवदल गर्न पर्ने कैयौं कुराहरू हुनसक्थ्यो । तव राष्ट्र र जनताको संम्वृद्धि र शक्तिको अभिवृद्धि पनि हुन्थ्यो । सोभियत रुसमा जोसेफ स्टालिन र चीनमा माओत्सेतुङको नेतृत्वमा पार्टीका लाखौं र करोडौं कार्यकर्ताहरूले त्यहि मार्ग पछ्याएको थियो । जुन मार्गले उनिहरूलाई सिखरमा पुऱ्याए र आज विश्वमै एक शक्तिशाली राष्ट्रमा दरिन पुगे ।

नेपालका कम्युनिस्ट पार्टीका नेताहरूले माथिका कुनै पनि कुराहरूमा दृष्टि दिएको पाईन्न । उनीहरू त चुनावमा कसरी जितिन्छ र कसको सहयोग लिने ? कसलाई पन्छाउने ? कसरी पदपाउने ? आर्थिक र भौतिक रुपले आफू बलियो कसरी बन्ने ? यस्तै तुच्छ कुराहरूमा ध्यान केन्द्रित भएको देखिन्छ । अनि त पार्टी भित्र गुट उपगुटहरूको निर्माण, साथीहरूका कमीकमजोरी भए सुधार्न प्रयास हैन कि अनुचीत र अतीसयोक्ती पूर्ण रुपले हिलो छपाप्ने, आरोप, प्रत्यारोप, षडयन्त्र विग्रहको भुमरीमा फस्ने गरेको देखिन्छ । यो भनेको नेपाल र नेपाली जनताको लागि ठुलो दुर्भाग्यको कुरा हो ।

वि.स.२०५२२०६२/०६३ सम्मको माओवादी जनयुद्ध ताकाको द्धन्दकालिन मुद्दाहरू व्युँतिन सक्ने वातावरण रहनु भनेको ठुलो दुर्भाग्यको कुरा हो । किनकि यहि जनयुद्धले जन्माएको जनमुक्ति सेनाको जगमा २०६२/०६३ सालको जनआन्दोलन हो अझ कान्ति हो । आज कान्ति नै हो भनेर किन भन्न सकिन्छ भने नेपालको राजतंन्त्रको इतिहास झण्डै २५०० वर्षको छ किराती, लिच्छवी, मल्ल र शाहवंशको । जुन हरेक वंश रक्तरन्जीत घटनाहरू घटाएर विजय भएका थिए र रगत बगाउदै पतन पनि भएका थिए । जो प्राय सवै दास मालिक वर्ग, सामन्त, जमिन्दारहरूको सेवा उत्पिडन र दमन गरेर बाँचेका थिए । पछिल्लो शाहवंशको २३८ वर्षको इतिहास बोकेको राजतंन्त्रको जग डग मगाई दिने सुरुवात नेकपा(माओवादी) जनयुद्ध नै हो र १९ दिने जनआन्दोलन त्यसमा जोडिएपछि राजा ज्ञानेन्द्रले घुडां टेकेको हो । सिङ्गो देशका जनता सडकमा आएको त्यो अभुतपूर्वको आन्दोलन इतिहासमा ऐतिहासिक हो । जसले राजतंन्त्रलाई पतन तुल्यायो ।

*(क्रमशः)*

# मैले देखेको १६३ औं विश्व पर्यटकीय स्थल

# टोकियो सेन्सो जी मन्दिर

सुरेन्द्र ढकाल



बाहिर चोकबाट हेर्दा सेन्सोजी मन्दिर यस्तो देखिन्छ



भीमकाय कागजको लालटिनसहित कोमिनरिमोन प्रवेशद्वार



कोमिनरिमोन प्रवेशद्वारमा मित्र योको आवे



मन्दिरछेउको सिन्टो धर्मसँग सम्बन्धित पाँचतले प्यगोडा



मन्दिर परिसरको ढुकुटी रहेको होजोमोन



प्रवेशद्वारमा रहेको ड्रयागन



प्रवेशद्वार छिरेपछि मन्दिर पुग्ने गल्लीजस्तो बाटोमा दुवैतिर पसलहरू छन्



प्रवेशद्वार पसेपछि देखिने परालले बुनेको भीमकाय खराउ



क्लबको भन्डा आदानप्रदानको क्षण



रोटरी क्लब सेतागायाको दशौं वार्षिकोत्सवलाई सम्बोधन गर्दै सुरेन्द्र ढकाल

भोलिपल्ट १६ अगष्टको दिन बिहानै मित्र आवे मलाई होटलमा लिन आइन्। म ब्रेकफाष्ट सकेर उनैलाई कुरेर बसेको थिए। आजको हाम्रो कार्यक्रम दुई बजेसम्म टोकियोको आसाकुसा जिल्लास्थित सेन्सो जी मन्दिर अवलोकन गर्ने अनि उनले मलाई होटलमा छोड्ने थियो। किनकी त्यसै दिन बेलुका रोटरी क्लव टोकियो सेतागायाको दशौं वार्षिकोत्सवको प्रमुख अतिथिको रुपमा मैले संवोधन गर्ने कार्यक्रम थियो। त्यसका लागि मैले राम्रै तयारी गर्नुपर्ने कारण दुई बजे नै होटल फर्कनुपर्ने जानकारी मित्र आवेलाई गराएका थिए। सोही अनुरुप सेन्सो जी मन्दिर पुग्दा बिहानको १० बजेको थियो। हामीलाई सो मन्दिर अवलोकन गर्ने पर्याप्त ३ घन्टाभन्दा बढी समय थियो।

### सेन्सो जी मन्दिर

यो मन्दिर टोकियोको प्रख्यात मन्दिरमध्ये एक रहेछ। यो टोकियो लामो फ्लो मार्केट (सडके बजार) को अन्तमा रहेछ। त्यो बजारमा मास्क, हस्तकला, काठले बनेको काइयो, खेलौना, जापानी पोशाक किमोनो हाते कागज र अन्य उपहार दिन लायकका वस्तुहरूको बेचिँदो रहेछ। हामी यो बजार हेर्दै जाँदा बजार अन्त हुनासाथ सेन्सो जी मन्दिर टुप्लुक्क देखिँदो रहेछ। सन् ६४५ मा बनेको यो मन्दिर टोकियो सबैभन्दा पुरानो मन्दिर रहेछ जस्को विभिन्न बेलामा जिर्णोद्धार र पुनर्निर्माण भए तापनि यसको मौलिक रुप कायम राखिएको रहेछ।

मन्दिरको प्रवेशद्वारलाई कामिनारी मोन द्वार भनिँदो रहेछ र यो ३ दशमलव ३ मिटर अग्लो रहेछ। सन् ९४१ म बनेको यो द्वार सन् १८६५ को आगलागीमा परेर जलेपछि सन् १९६० मा पुनर्निर्माण गरिएको रहेछ। रातो कागजको भीमकाय ७०० किलोको लालटिन झुण्ड्याइएको रहेछ त्यसको मुनी उदाहरणीय काष्ठकलाको ड्रागन रहेछ। यस द्वारमा अगाडि र पछाडि गरी चारवटा चौडा खोपामा सिन्तो धर्मसँग सम्बन्धित मूर्तिहरू राखिएका रहेछन्। जसलाई फुजिन र राजिन भनिँदो रहेछ।

सिन्तो धर्मअनुसार फुजिल भनेको वायु देवता र राजिन भनेको चट्याङको देवता रहेछ। मगमगाउँदो धुप बालिएको यस प्रवेश द्वारमा पुगेपछि धुपबाट निस्केको धुँवा मन्दिर प्रवेश गर्ने सबैले सासले तान्दा रहेछन र धुँवामा हात सेकाइ आफ्नो शरीरको जुन अंग दुखेको छ त्यहाँ दल्दा रहेछन्। मन्दिरमा ढुकुरजस्तो देखिने परेवाहरूलाई सिक्का चढाएपछि परेवाले कागजमा लेखिएको कुरा सिक्का चढाउने मान्छेलाई दिँदो रहेछ जसले त्यो सिक्का चढाउने मान्छेको भाग्य र भविष्य बताउँदो रहेछ। हाम्रो ज्योतिषहरूले रत्नपार्कमा पिँजडामा राखेको सुगाले भविष्य बताएजस्तो।

प्रवेशद्वारबाटभित्र पसेपछि लामो चौडा गल्ली पार गरेपछि मात्रै मन्दिरमा पुगिँदो रहेछ। मन्दिर पुग्नुअगावै होजोमोन नामक दुइवटा भित्री ढोका पार गर्नुपर्ने रहेछ। यो ढोका दुई तले रहेछ। यसको माथिल्लो तलामा सेन्सो जी मन्दिरको ढकुटी रहेछ। पहिलो तलामा भने दुइमूर्ति, ३ वटा लालटिन र परालले बनाएको जुत्ता **(sandals)** रहेछन्। मन्दिरकै छेउमा हाम्रो न्यातपोल मन्दिर जस्तै ५ तले पेगोडा रहेछ जस्को सम्बन्ध जापानी राष्ट्रिय धर्म सिन्तोसँग जोडिएको रहेछ।


गल्लीको दुवैतिर पसलहरू रहेछन् जहाँ परम्परागत उपहार दिन लायक वस्तुहरूको बिक्री हुँदो रहेछ। यो पसलसहितको गल्लीको नाम नाकामिसे डोरी रहेछ। मन्दिरको छाना टिटानियम टायलले छाएको रहेछ जस्को कारण मन्दिरको छाना पुरातात्विक बलियो र हलुंगा छ भन्दा रहेछन्। मन्दिर वोधिसत्व गुआनयिन अवलोकितेश्वरप्रति समर्पित रहेछ। त्यहाँ भएको वोधिसत्वको मूर्तिकार १०६ वर्षीय हिरकुशी रहेछन्।

किंवदन्तीअनुसार नजिकैको सुमिदा नदीमा कान्नोनको मूर्ति फेला परेपछि सन ६२८ मा दुई जना माझीहरूले त्यस मूर्तिलाई त्यस गाउँको प्रमुख हाजिनो नाकामोतोकहाँ लगेछन्। उनले यस मूर्तिको पवित्र महत्व बुझी आसाकुसास्थित आफ्नै घरलाई मन्दिरमा रुपान्तरण गर्न लगाई प्रतिष्ठापन गर्न लगाएका रहेछन्। पछि तोकागुवा वंशका सोगुनेटले जापानमा राज गर्न थालेपछि उनीहरूले यस मन्दिरलाई आफ्नो कुल पूजा गर्ने देवताको रुपमा स्थापित गरेका रहेछन्।

मन्दिर परिसरमा रहेको अर्को पुरातात्विक संरचना भनेको निसिनोमिया इनारी नामक सिन्तो धर्मको मन्दिर रहेछ। त्यहाँ रहेको काठको प्रवेश द्वारलाई टोरी भनिदो रहेछ। सन् १७२७ मा बनेको यो टोरी बनाउँदा आर्थिक योगदान गर्नेहरूको नाम ढलौटमा लेखेर राखिएको रहेछ। दोस्रो विश्वयुद्धमा वैरीहरूले टोकियो बम खसाल्दा यो मन्दिर क्षतिग्रस्त हुन पुगेको रहेछ। पछि यस्को पुनर्निर्माण गरिएको रहेछ।

हरेक वर्ष टोकियो आउने देश विदेशका जोसुकै पर्यटकहरू त्यस मन्दिरमा पुग्छन् भनिँदो रहेछ। मन्दिर परिसरमा निकै शान्त र सुन्दर बगैंचा रहेछ। हामी करिब ३ घन्टा मन्दिर परिसरमा बिताएपछि त्यही परम्परागत हल्का खाना खाई बाहिर निस्कियौं। त्यसपछि म त्यहीँबाट आवेसँग विदा लिई होटलतर्फ लागेँ। बेलुका ५:३० बजे रोटरी क्लव सेतागायाकी हिसानो मलाई लिन आइन्। क्लवको दशौं वार्षिकोत्सव समारोह ६:३० बजे शुरु भयो। रोटरी क्लब डिल्लीबजार काठमाडौं र टोकियो सेतागाया क्लबबीच झण्डाको आदानप्रदान गरेपश्चात् मैले प्रमुख अथितिको रुपमा सम्वोधन गरे। एक घन्टाको छोटो मिठो कार्यक्रम थियो। त्यही बेलुकाको खाना खाई हिसानोले मलाई होटलमा छोडिदिइन् र भोलिपल्ट अगष्ट १७ को दिन जापानी सम्राटको दरबार देखाउने उनको योजनाबारे मलाई जानकारी गराएपछि उनी हिँडिन्। म पनि सुत्नतिर लागेँ।

# नेपाली कम्युनिस्ट लिगको स्थापना




■ शम्भुराम श्रेष्ठ

२०२५ सालमा जेलबाट छुटेदेखि नै हामीहरूले २०१९ सालमा पार्टी फुटी बन्न गएका कम्युनिस्ट समूहमध्ये कुनै पनि समूहमा सम्मिलित नभई जमातको रुपमा मात्रै संगठित भएर सधैं कम्युनिस्ट आन्दोलनलाई एकीकरण गर्ने कोसिस गर्दै आएका थियौं तर सफल हुन सकिरहेका थिएनौं । २०४६ सालको जनआन्दोलनको परिणामस्वरुप राजनीतिक पार्टीहरूमाथि लगाइएको प्रतिबन्ध हटी पार्टीहरूले खुल्ला काम गर्न थालेपछि जमातको रुपमा रही यो कार्य पूरा गर्नु कठिन होइन, असम्भव जस्तै हुनेछ भन्ने लागेपछि हामीहरूले कम्युनिस्ट जमातको संगठनात्मक स्वरुपलाई पार्टीको रुपमा स्थापना गर्नु आवश्यक सम्झ्यौं र कम्युनिस्ट जमातको ठाउँमा नेपाली कम्युनिस्ट लिग स्थापना गर्ने निर्णय गर्‍यौं ।

उपर्युक्त निर्णयअनुसार काठमाडौंको ढल्को टोलमा १२-१३ भाद्र २०४७ पार्टी स्थापना सम्मेलनको आयोजना गर्‍यौं । सम्मेलन २ दिनसम्म चल्यो । त्यसले विस्तृत छलफलपश्चात नेपाली कम्युनिस्ट लिगको विधिगत स्थापना गर्‍यो तर त्यसको मुख्य दायित्व भने नेपाली कम्युनिस्ट आन्दोलनलाई एकीकरण गर्ने नै हुने निर्णय गर्‍यो ।

सम्मेलनले नेपाली कम्युनिस्ट लिगको न्यूनतम कार्यक्रम (अर्थात् वर्तमान नेपाली 'क्रान्ति' को (कार्यक्रम) र त्यस कार्यक्रमलाई कार्यान्वयन गर्ने रणनीति र कार्यनीतिहरू पास गर्‍यो, जो नेपालका विशिष्ट राजनीतिक, सामाजिक, आर्थिक तथा भूराजनीतिक अवस्थाहरू सुहाउँदो थिए र त्यसैले नेपालका अरु कम्युनिस्ट समूहहरूको कार्यक्रम र नीतिदेखि अलि फरक किसिमका थिए । तिनीहरूको बीचमा किन र के कति फरक थिए ? तिनलाई प्रस्ट्याउन कार्यक्रमका केही पाराग्राफहरू यहाँ उद्धरण गरिदिनु आवश्यक सम्झिएकाले उद्धरण गरिएको छ, जो यस प्रकार छ :

(१) औपचारिक रुपमा जे जस्तो भन्ने वा लेख्ने गरिए तापनि यथार्थतः मजदुर वर्गको खुद आफ्नै मुलुक हुँदैन । त्यही कारणले कार्लमार्क्सले विश्वका सबै मुलुकहरूका मजदुरहरूलाई एकजुट हुन आह्वान गर्दै सर्वहारा अन्तराष्ट्रवादको सिद्धान्तलाई अघि सार्नुभएको थियो । त्यही नै कारणले कम्युनिस्ट आन्दोलन वास्तविक रुपले राष्ट्रिय आन्दोलन नभई अन्तर्राष्ट्रिय आन्दोलन हुन गएको हो । तर पनि अरु मुलुकहरूका मजदुर वर्गहरूको जस्तै नेपालको मजदुर वर्गको पनि सबभन्दा मुख्य र ठूलो काम नेपालको राजसत्ता कब्जा गरी आफूलाई शासक वर्गको रुपमा स्थापित गर्नु हो र यही कारणले नेपाली भूमि नेपाली मजदुरहरू तथा कम्युनिस्टहरूको आफ्नो कर्मभूमि र आफ्नो अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने खास थलो भएको छ । फलतः नेपाली क्रान्तिको बाटो पनि आफ्नै किसिमको, मौलिक बाटो हुन गएको छ । अर्को शब्दमा, नेपाली क्रान्तिका रणनीति तथा कार्यनीतिहरू मूलतः नेपालका भौगोलिक भूराजनीतिक तथा जातिगत आदि विशेषताहरूको साथसाथै नेपाली समाजमा विद्यमान वर्गहरू, ती वर्गहरू बीचका सम्बन्धहरू, नेपालका अरु मुलुकहरूसितका सम्बन्धहरू र तिनीहरू सबै बीचका अन्तर्क्रियाहरूको जम्माजम्मी परिणाम स्वरुप नेपाली समाजको विकास अहिले कुन अवस्थामा पुगेको छ, त्यसद्वारा निर्धारित हुन्छन् । क्रान्तिको रणनीति भनेकै क्रान्तिको बाटो हो । त्यसकारण नेपाली क्रान्तिको बाटो वर्ग स्वभावको दृष्टिकोणले एकै समानको भए पनि अन्य मुलुकहरूका क्रान्तिका बाटोभन्दा अलि फरक हुन्छ । अतः नेपाली क्रान्तिका रणनीति तथा कार्यनीतिहरू तर्जुमा गर्दा हामीहरूले नेपालका राष्ट्रिय विशषताहरूसित मिल्ने गरी तर्जुमा गर्न अनिवार्य रुपले आवश्यक हुन्छ र कदापि अरुहरूको नक्कल गर्नु हुँदैन ।


'नेपाली कम्युनिस्ट लिग पनि नेपालका अरु कम्युनिस्ट समूहहरू जस्तै नेपालको मजदुर वर्गकै प्रतिनिधित्व गर्ने मार्क्सवादी लेनिनवादी राजनीतिक पार्टी हो र त्यसैले यसको खास कार्यक्रम नेपालमा सर्वहारा समाजवादी क्रान्तिद्वारा नेपाली मजदुर वर्गको राज्यसत्ता अर्थात् सर्वहारा वर्गको अधिनायकत्व स्थापना गरी मानिसद्वारा मानिसमाथि हुने सबै प्रकारका शोषणको अन्त्य गर्ने र 'योग्यता अनुसारको काम, काम अनुसारको माम' सिद्धान्तबमोजिम चल्ने समाजवादी व्यवस्थाको स्थापना गर्ने र अनि समाजवादको निर्माण गर्दै लगेर अन्तमा 'योग्यता अनुसारको काम, आवश्यकता अनुसारको माम' सिद्धान्तमा आधारित कम्युनिस्ट समाजमा विकसित गर्नु हो ।

तर नेपालका हाल विद्यामान तपसिलका कारणहरूले गर्दा हाम्रो मूल कार्यक्रम (अर्थात् समाजवादी कार्यक्रम) अहिलेलाई लागू नहुने भएको हुँदा यसलाई अधिकतम कार्यक्रमको रुपमा राखेर माथि उल्लेखित कारणहरूले उब्जाएका राजनीतिक, आर्थिक, सामाजिक समस्याहरूलाई समाधान गर्ने कार्यलाई न्यूनतम कार्यक्रमको रुपमा अपनाउनु परेको छ, जो यसप्रकार छ :

(क) सन् १७९०-९१ को नेपाल-तिब्बत युद्धको परिणामस्वरुप नेपाल र चीनको बीचमा भएको १७९२ को सन्धि मुताविक नेपालले चिनियाँ सामन्ती सम्राटका आधिपत्य स्वीकार गरी पाँच पाँच वर्षमा पेकिङ दरबारमा कर बुझाउन जानु परेबाट नेपालको स्वाधीनता तथा सार्वभौमिकता कुण्ठित भइआएको थियो । (सन् १९५६ मा नेपाल र चीनबीच नयाँ मैत्री सन्धि भएदेखि उपरोक्त सन्धि खारेज भइसकेको छ ।

# ग्रीन सिक्किम, क्लिन सिक्किम, ब्युटी सिक्किम-३

✍ - रामप्रसाद पन्त




सिक्किम भारतमा गाभिएको बारे सिक्किमेली जनताका विभिन्न मतहरू रहेछन् – मतदानद्वारा खुसीसाथ गाभिएको भन्नेहरू र राजा तथा दिल्लीको गोप्य सम्झौताबाट जनमत विपरीत गाभिएको भन्नेहरू । हाल सिक्किममा नरबहादुर भण्डारीको नेतृत्वमा सञ्चालित सिक्किम पार्वत्य परिषद् र पवन चामलिङको नेतृत्वमा सञ्चालित सिक्किम डेमोक्रेटिक फ्रन्ट नामक दुई पार्टी प्रमुख अस्तित्वमा रहेछन् । भण्डारीले लगातार पन्ध्र वर्ष मुख्यमन्त्रीको पद सम्हालेपछि सन् १९९४ देखि लगातार पाचौं कार्यकाल व्यतित गर्दै रहेछन् पवन चामलिङ ।

चामलिङकै दूरगामी परिकल्पनामा नयाँ युगतिर अग्रसर हुँदै रहेछ हालको सिक्किम । मुसलमानको मक्का-मदिना, क्रिश्चियनको भेटिकन सिटी, बुद्धिष्टको लुम्बिनी-बोधगया, हिन्दूको चारधाम जस्तै सिक्किमलाई धार्मिक पर्यटनको रुपमा विकसित गर्ने सोचाइमा रहेछन् चामलिङ । नाम्ची सोलोफोकको सिद्धेश्वर चारधाम, साम्दुप्चेको गुरु रिम्पोछे सालिक, राभङ्लाको बुद्धपार्क, चेरेङ्जीको तेन्जिङ नोर्गे पार्क, आसाङथाङको साई केन्द्र सिक्किमका आधुनिक आकर्षण केन्द्रहरू रहेछन् । सौन्दर्य, शान्ति, पर्यटन र आतिथ्यलाई चार मन्त्रको रुपमा लिएर अगाडि बढेका रहेछन् चामलिङ । कञ्चनजङ्घा, छाँगु, खेचिपोखरी, दूधपोखरी, हरितपोखरी, हाँसपोखरी, सत्रपोखरी, मैनाक डाँडा आदिको प्राकृतिक सौन्दर्यलाई अलिकति पनि विकृत हुन नदिने योजनामा लागेका रहेछन् चामलिङ । जैविक विविधता र रेडपान्डाजस्ता दुर्लभ वन्यजन्तुहरूको संरक्षणमा कटिबद्ध भएर लागेका रहेछन् चामलिङ ।

पौराणिक कथन अनुसार– सिक्किमलाई इन्द्रकिल अर्थात् इन्द्रको फूलबारी भनिँदो रहेछ । जहाँ देवी देवता, अप्सरा, परी, गन्धर्व, किन्नरहरू क्रीडा गर्छन् । मन बहलाउँछन् र ऋषिमुनिहरू तपस्यामा लीन रहन्छन् । त्यही स्वर्गको टुक्रा हो सिक्किम ।

लेप्चा भाषामा सुहिमको अर्थ हुँदो रहेछ– राम्रो । त्यही सुहिमबाट सुकिम र सुकिमबाट सिक्किम भएको अर्थ लगाउँदा रहेछन् लेप्चाहरू । लिम्बु भाषामा सिक्किमको अर्थ हुँदो रहेछ– नयाँ मुलुक । सिक्किम नयाँ मुलुक नै भएको तर्क गर्दा रहेछन् लिम्बुहरू । साँच्चै नै अनौठो रहेछ जातिविशेषको अभिमत । कसैको गङ्गटोक, कसैको गान्तोक । कसैको सुकिम, कसैको सिक्किम । कसैको सिलगढी, कसैको सिलीगुरी । कसैको दोजिङ, कसैको दार्जिलिङ । कसैको कालिङपोङ, कसैको बालेबुङ । कसैको तिष्ठा, कसैको तिस्ता । आ-आफ्नै भाषाभाषिका, आ-आफ्नै उच्चारणहरू ।

जोसमनि सन्त परम्पराका प्रचारक ज्ञान दिलदासको जीवन विसर्जन भूमि पनि रहेछ सिक्किम । वि.सं. १८७८ मा इलामको आमचोकमा लामिछाने ब्राह्मण परिवारमा जन्मेका दिलदास विवाहित मात्र होइन सन्तानका पिता पनि भएका थिए । तर पाँचथरको नागिन गुरुकलमा दीक्षित भएपछि उनले घरपरिवार छाडेर ओखलढुङ्गाको रुम्जाटारलाई कर्मथलो बनाए । जीवनको अन्तिम चरणमा उनी दार्जिलिङ हुँदै सिक्किम प्रवेश गरे र पश्चिम सिक्किमको गेजिङमा वि.सं. १९४० मा देहत्याग गरे ।

ज्ञान दिलदासको कुरा मात्र होइन, भाषा-साहित्य र संस्कृतिको दृष्टिले हामी आदिकालदेखि नै सीमाहीन सम्बन्ध राख्दै आएका छौं । यसै नाताले सिक्किमेलीहरू नेपाल पुग्छन् र नेपालीहरू सिक्किम आउँछन् । यो सम्बन्ध कहिल्यै पनि खुकुलो नहुने सम्बन्ध हो, कसिँदै जाने सम्बन्ध हो । जसको अन्त्य कहिल्यै हुँदैन ।

कुराहरू गम्भीर पनि थिए, सतही पनि थिए । जेजस्ता भए पनि मेरा लागि लाभप्रद नै थिए । सुरासेवन सँगसँगै काव्यपान पनि भइरहेको थियो बीचबीचमा । अन्त्यमा कविताबारे निचोड निकालिएको थियो – अब प्रकृति, झरना, वादल, वर्षा, हिमाल, नदी र तलाउ र राजामहाराजाका कविता लेख्ने दिन गए । अब त भोगिरहेको यथार्थ जीवन र जगत्का बारेमा कविता लेख्नुपर्छ ।

यसो भनिरहँदा सिक्किमेली साहित्यकारहरू होटलबाट बाहिरिँदै थिए, हामीहरू सयनकक्षतिर सोझिँदै थियौं । हामी, अर्थात् रमा-कृष्ण सिर्जना प्रतिष्ठानको संयोजनमा पूर्वोत्तर भारतको सप्ताहव्यापी दौडाहामा निस्केका महेन्द्र गुरुङ, रोचक घिमिरे, मातृका पोखरेल, लक्ष्मी उप्रेती, यादव भट्टराई, सीताराम गुरुङ, जलेश्वरी श्रेष्ठ, ललिता दोषी, तुलसीहरि कोइराला, जयदेव भट्टराई, विमल वैद्य, पर्वत पोर्तेल, दुर्गा दाहाल, ठाकुर शर्मा र मसमेतको पन्ध्र सदस्यीय साहित्यिक टोली ।

# पन्तलाई केशव बडाल सहकारी पत्रकारिता पुरस्कार

काठमाडौं । आदर्श सञ्चार सहकारी संस्था लिमिटेडका सहसम्पादक सिर्जना पन्तलाई केशव बडाल सहकारी पत्रकारिता सम्मान २०७७ प्रदान गरिएको छ । नेपालको सहकारी अभियानका शिर्ष व्यक्तित्व केशव बडालको नाममा स्थापना गरिएको नगद १५ हजार सहितको उक्त सम्मान मंगलवार पोखरामा आयोजित सहकारी मार्फत आर्थिक समृद्धिका लागि प्रदेश तथा स्थानीय तहको भूमिका विषयक प्रादेशिक गोष्ठीका अवसरमा पन्तलाई प्रदान गरिएको हो ।

राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोवल बोर्ड सदस्य ओमदेवी मल्लले उक्त पुरस्कारको स्थापना गर्नु भएको हो ।



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री डा.शिवमाया तुम्बाहाम्फेले पुरस्कृत पन्तलाई नगद १५ हजार, कदरपत्र सहित पुरस्कृत गर्नु भएको हो । सो अवसरमा बोल्दै मन्त्री तुम्बाहाम्फेले पत्रकारहरूले समाज रुपान्तरणका लागि महत्वपूर्ण भूमिका खेल्ने भएकाले सकारात्मक सोचका साथ अगाडि बढ्न आव्हान गर्नु भयो । हरेक वर्ष रिलायवल वचत तथा ऋण सहकारी संस्थाको साधारणसभा प्रदान गर्ने गरी स्थापना भएको उक्त सम्मान यस वर्ष पन्तलाई प्रदान गरिएको हो ।

बागलुङ जिल्लालाई कार्यक्षेत्र बनाएर विगत १ दशकदेखि पत्रकारिता क्षेत्रमा क्रियाशिल पन्त आदर्श सञ्चार सहकारी संस्थाद्वारा प्रकाशित तथा सञ्चालित धौलागिरी जागरण दैनिक, अग्रसर साप्ताहिक र आदर्शसञ्चार अनलाइनका सहसम्पादक हुनु हुन्छ । केशव बडाल सहकारी सम्मान २०७६ बाट सहकारी पत्रकार समाजका पूर्व अध्यक्ष यादव हुमागाई सम्मानित हुनु भएको थियो । रिलायव वचत तथा ऋण सहकारी संस्था लिमिटेडको वार्षिक साधारणसभामा घोषणा गरिएको पुरस्कार पोखरामा आयोजित कार्यक्रममा प्रदान गरिएको पुरस्कारका संरक्षक ओमदेवी मल्लले जानकारी दिनुभयो ।

# खाना राम्ररी नचपाइ खाँदा के हुन्छ ?



डा.अच्युत शाली घिमिरे

धेरैजसो मानिसहरू खानेकुरा कसरी खाने ? कति खाने ? भन्ने कुरालाई नजरअन्दाज गरिदिन्छन् । अझ भनुँ, राम्रोसँग चपाएर खानुपर्छ भन्ने कुरालाई त त्यति ध्यान नै दिँदैनन् । तर पाचनक्रियाको लागि यो धेरै महत्वपूर्ण कुरा हो । जब हामी पाचनक्रियाको कुरा गर्छौं, यसको प्रसङ्ग पेटबाट सुरु हुन्छ भनेर बुझ्ने गर्छौं । तर वास्तवमा खानेकुरा पेटमा नपुग्दै पाचन क्रिया सुरु भएको मानिन्छ । जब हामी मुखबाट खाना खान सुरु गर्छौं, सँगसँगै पाचन क्रिया सुरु हुन्छ । खाना चपाउन सुरु गर्दा मुखमा र्‍यालसँगै पाचन इन्जाइम निस्केर खाना टुक्राउन सहज गर्ने गर्छ ।

योसँगै हाम्रो दाँतको संरचनाका बारेमा पनि थोरै ज्ञान राखौं । दाँतहरू चार किसिमका हुन्छन्-इन्सिजर, क्यानाइन, प्रि-मोलार र मोलार । धारिला र पातला अगाडिका दुईवटा दाँतहरू इन्सिजर हुन् । जसको काम भनेको खानालाई टोक्ने हुन्छ ।

त्यस्तै, इन्सिजर सँगै जोडिएको दाँत हुन्छ एउटा क्यानाइन जसको काम चिथोर्ने हुन्छ । अरू रहेका मोटा चेप्टा दाँतहरूको काम भनेको खाना चपाउने हो । क्यानाइन मांसहारी जनावरहरूमा विकसित हुन्छ भने हामी मानिसमा त्यति धेरै विकसित हुँदैन । यसरी दाँतको संरचना अनुसार टोक्न र चपाउनका लागि मुख्यतः बनाइएका देखिन्छन् । खानालाई तरल अवस्थासम्म पुर्‍याउन समेत र पौष्टिक तत्त्वहरू राम्रोसँग शरीरले शोषित गरोस् भन्नका लागि समेत राम्ररी चपाएर खानुपर्छ ।

आजकलको व्यस्त समाजमा मानिसहरूसँग खाना खाने पर्याप्त समय हुँदैन । त्यसकारण खाना चपाएर खानुपर्ने नियमलाई त्यति महत्व दिइँदैन । टिभी हेर्दै, मोबाइल चलाउँदै, गफ गर्दै खाने चलन समेत विकसित छ । तर खाना खाँदा शान्त ठाउँमा बसेर हातले नै खानुपर्छ । चम्चाले खाँदा अम्ल र इन्जाइमहरू धेरै स्रावित हुन नसक्ने भएकाले खाना प्रतिरुचि पनि नबढ्न सक्छ ।

अर्को कुरा खानापछि खाने सलाद पनि राम्ररी चपाएर खानु उपयुक्त हुन्छ । सलाद राम्ररी चपाएर खाँदा, खाना खाएपछि निस्कने एसिडिटीलाई समन गर्छ। सलादमा आन्द्रा सफा गर्न चाहिने रेसा प्रशस्त हुन्छ । यसको दैनिक प्रयोगले शरीर सफा हुन्छ र हलुका पनि हुन्छ । तर सलादमा शीत गुण हुने भएकाले हतारहतार खाँदा तातो र चिसो नमिलेर पेट फुल्ने, डुम्म हुने हुनसक्छ । त्यसैले पनि पाचन क्रियालाई मजबुत बनाउनका लागि शरीरको उचित तौल तथा पोषणतत्व कायम गर्नाका लागि खानेकुरा राम्ररी चपाएर खानुपर्ने अपरिहार्य कारणहरू बुझ्न जरुरी छ ।

फाइदाहरू

१) चपाएर खानुले मासिनको स्वस्थ तौल कायम राख्न मद्दत पुग्छ । जति लामो समय मानिसले खानेकुरा चपाइराख्छ, त्यतिकै धेरै समय खान सक्न लाग्छ। जो मान्छे ढिलो खान्छन्, तिनीहरूले थोरै खान्छन् र खानासँगै हाम्रो मस्तिष्कमा एउटा म्यासेज प्रवाह भइरहेको हुन्छ । तर यदि हामी हतारमा खाना खाइरहेका हुन्छौं भने खाना सकिएपछि पनि हाम्रो मस्तिष्कले हामी अघाएको म्यासेज प्राप्त गर्न सक्दैन । जसका कारण हामीले आवश्यकताभन्दा बढी खाना खाँदै जान्छौं र यसबाट शरीरमा क्यालोरीको वृद्धि भई तौल बढ्ने अधिक सम्भावना हुन्छ।

२) राम्ररी चपाइएको खाना पचाउन कम शक्तिको प्रयोग हुन्छ । नत्र खाना पचाउन हाम्रो शरीरलाई धेरै शक्तिको आवश्यकता पर्छ । यदि खानेकुरा राम्रोसँग चपाइएन भने हाम्रो पाचन प्रणालीलाई भार ज्यादा पर्ने गर्छ र खाना टुक्राउन बढी शक्ति खर्च हुन्छ । राम्रोसँग चपाइएको खानेकुरा सम्पूर्ण पाचन अङ्गमा सजिलै विस्तार हुन सक्छ ।

३) कार्बोहाइड्रेट, प्रोटिन, भिटामिन्स, क्याल्सियम, मिनिरल्स आदिको अवशोषणलाई वृद्धि गर्न जब हामीले खानेकुरालाई राम्रोसँग चपाएर खान्छौं, खाना मसिनो गरी टुक्रिन्छ र यी तत्वहरूलाई आन्द्राले सहज रूपले अवशोषण गर्छ । खाना चपाउँदै गर्दा हाम्रो पाचन प्रणालीले खाना आगमनको पूर्वसूचना प्राप्त गर्छ । जसले गर्दा पाचन प्रणालीले पेटभित्र एक किसिमको एसिड बनाउँछ र पाचनक्रियालाई सहज बनाउँछ।

४) राम्ररी खाना चपाउँदा हाम्रो दाँत, गिजा, जिब्रो पनि स्वस्थ रहन सक्छ । यसैगरी, दाँतलाई अड्याउने हड्डी पनि मजबुत हुन्छ । खाना चपाउँदा निस्कने र्‍याल र इन्जाइमले पनि मुखमा हुने किटाणुलाई सफा गर्छ । त्यसरी नै दाँतमा अड्केका खानाका टुक्रालाई हटाएर मुखलाई शुद्ध र सुगन्धित राख्छ । जब मुख ब्याक्टेरियामुक्त हुन्छन्, दाँत सड्ने, गिजा दुख्ने जस्ता समस्या पनि रहँदैनन् ।

५) जब हामी खानेकुरा राम्ररी चपाउँदैनौं । पेटमा खानाका ठूला टुक्राहरू रहन्छन्, जसले गर्दा सहज रूपमा पाचन क्रिया हुन गाह्रो हुन्छ । जब खाना राम्रोसँग टुक्रिँदैन, पाचन पर्याप्त हुँदैन र नपचेको खानाबाट अनावश्यक ब्याक्टेरिया पैदा हुन गई अपच,अजीर्ण, आम, कब्जियत, ग्यास बढ्ने जस्ता समस्याहरू देखिन्छन् ।

६) सबैभन्दा महत्वपूर्ण कुरो, चपाएर खानाले खानाको स्वादलाई बढाउँछ । जब हामी हतारमा खाना खान्छौं, त्यो पनि चम्चाको प्रयोग गरेर खानाको स्वाद राम्रोसँग महसुस हुँदैन वा हामीलाई भोक लागिरहन्छ । त्यसैले खाना खाने समय हतार गर्नु हुँदैन र आरामका साथ स्वाद लिएर खानुपर्छ ।

हामीले खाने खानेकुरा मिलाएर खाएमा खाना नै औषधि हुन्छ र मिलाएर खान नजाने खाना नै विष बन्छ । हाम्रो शरीर बन्ने र बिग्रने हामीले खाएको खानामा र कसरी खायौं भन्नेमा भर पर्छ। शरीर निर्वाह गर्न र स्वस्थ रहन खाना चाहिन्छ। तर नमिलेको खानाले शरीरलाई हानि गर्छ। शरीरमा हुने अधिकांश स्वास्थ्य समस्या खान र पिउन नजान्दा हुन्छ। त्यसैले सधैं उचित खाना खानु पर्छ । हुन त खाना कति पटक चपाउने वा कसरी खाने भन्ने कुनै फर्मुला त हुँदैन । तर पनि खानाको किसिम र बनावट हेरी धेरै समय लगाएर राम्ररी चपाएर खानु नै फाइदाजनक हुन्छ । जबसम्म खाने कुरा चपाएर झोलजस्तै हुँदैन, तबसम्म चपाइराख्नुपर्छ र बिस्तारै यसलाई नै मानिसको बानीमा परिणत गर्दै लैजानुपर्छ। हतारमा खाएर पछि स्वास्थ्यमा प्रतिकूलता आएपछि पछुताउनुभन्दा खानालाई बिस्तारै रमाएर स्वादसँग खाऔं ।

# किन सम्झन्छ विश्वले नेल्सन मण्डेलालाई ?



विष्णु भट्टराई

मण्डेला जातिवाद, धर्मवाद र रंगभेद विरुद्धका नायक हुन्। अनि स्वतन्त्रता र मेलमिलापका प्रतिमूर्ति। उनले बाँचुन्जेल धर्म र जातका आधारमा हुने हरेक विभेदका विरुद्ध डटेर संघर्ष गरे। 'वास्तवमा नेल्सन अरुको नेतृत्व गर्नका लागि जन्मेका हुन् उनलाई नजिकबाट चिन्नेमध्येका एक अहमेद खतर्दा भन्छन्- मण्डेला यस्तो परिवारमा जन्मेका थिए जसले अन्याय र विभेदका विरुद्धमा चर्को आवाज उठाउन चाहन्थे।'

मण्डेलाले गोरा र काला दुवै जातिको दमनविरुद्ध चर्को आवाज उठाए। 'मैले श्वेत र अश्वेत दुवै दमनविरुद्ध लडेको छु।' सन् १९६४ मा आफूमाथि लगाइएको अभियोगमा अदालतमा मण्डेलाले भनेका थिए। मैले प्रजातन्त्रका आदर्शलाई सम्मान गरेको छु र समाजलाई स्वतन्त्र पार्न चाहन्छु ताकि मानिसहरू मिलेर सँगै बस्न सक्छन्। यो एउटा आदर्श हो, जसलाई म प्राप्त गर्न चाहनछु। तर आवश्यकता परेमा यही आदर्शका लागि म मर्न पनि तयार छु।' जातीयता र धर्मका नाममा देशमा विखण्डन ल्याउन चाहनेहरूका लागि यी महान नेताका विचार युगौं युगसम्म पनि उत्तिकै सान्दर्भिक हुनेछन्।

मण्डेलाले लगातार २० वर्ष दक्षिण अफ्रिकी सरकारविरुद्ध रंगभेद विरोधी शान्तिपूर्ण आन्दोलनको नेतृत्व गरे। सन् १९५६ मा उनलाई सरकार ढाल्न खोजेको अभियोग लगाइयो र उनी लगायत एक सय पचास अभियन्तालाई पक्राउ गरियो। छुटेपछि मण्डेलाले छापामार युद्ध सञ्चालन गरे। तीनदिने मजदुर हडतालका क्रममा उनी फेरि पक्राउ परे। उनलाई पँच वर्ष कैदको सजाय सुनाइयो। केही पछि फेरि सोही मुद्दामा बहस गर्दै उनलाई राज्यविरुद्ध अपराध गरेको अभियोग लगाइयो र आजीवन कारावासको सजाय दिइयो। उनको पार्टीले 'फ्रि नेल्सन मण्डेला' अभियान सुरु गऱ्यो। विश्वको ध्यान उनीमाथि पर्न गयो। उनलाई रंगभेद विरुद्धका जिउँदो सहिद भन्न थालियो।

दक्षिण अफ्रिकाको ट्रान्सवीमा सन् १९१८ को जुलाई १८ मा जन्मिएका मण्डेला संसारकै सबभन्दा बढी प्रशंसा गरिएका क्रान्तिकारी नेता हुन्। उनले अफ्रिकामा रंगभेदविरोधी आन्दोलनको नेतृत्व गरेक थिए। युनिभर्सिटी कलज अफ फोर्ट र युनिभर्सिटी अफ विदवाटर्सलेन्डबाट योग्य कानुनविद बनेका मण्डेला सन् १९९४ देखि १९९९ सम्म एक कार्यकालका लागि दक्षिण अफ्रिकाको राष्ट्रपति बनेका थिए।

सन् १९४४ मा अफ्रिकी नेसनल कांग्रेसमा आबद्ध भएलगत्तै उनको राजनीतिक करिअर सुरु भएको थियो। दक्षिण अफ्रिकाली सरकारले सन् १९४८ मा ल्याएको रंगभेद नीतिको विरोधमा सुरु भएको आन्दोलनको उनले नेतृत्व गरेका थिए। सन् १९६१ को जुन महिनामा अफ्रिकी नेसनल कांग्रेसको कार्यकारी बैठकले विभेद विरुद्धको हिंसा अपनाउने नीतिलाई स्वीकार गऱ्यो। साथै मण्डेलाको अभियानमा सहभागी हुन चाहने मानिसलाई उत्साहित बनायो। तत्कालै मण्डेलाको पहलमा एएनसीको लडाकु दस्ता उमरवोन्टो वी सिजवी गठन भयो। जसको नेतृत्व मण्डेलाले नै गरेका थिए। सन् १९६२ मा पक्राउ परेका मण्डेलालाई राजद्रोहलगायतका अनेकौं अभियोगमा ५ वर्षको जेल सजाय सुनाइयो। तर सन् १९६३ मा उनको लडाकु दस्ताले हिंसाको बलमा सरकारलाई च्युत गर्न लागेको आरोपमा मण्डेला लगायत अन्य सदस्यलाई राजद्रोहको आरोप लगाइयो।





सन् १९६४ मा मण्डेला लगायत आठजनालाई जन्मकैदको सजाय सुनाइएको थियो। आफूमाथि लगाइएको मुद्दाका विरुद्धमा उनले जेलको खोरबाट व्यक्त गरेका अभिव्यक्ति निकै लोकप्रिय छन्। मेरो जीवनकाल नै अफ्रिकी जनताको संघर्षमा समर्पित छ। म घृणा र विभेदका विरुद्धमा लड्नेछु।' मण्डेलाले भन्ने गर्थे मैले जस्तो स्वतन्त्र र आदर्श समाजको आशा गरेको छु जहाँ सबै मानिस समान रुपमा सँगसँगै मिलेर बस्न सकुन्। यही आर्द प्राप्त गर्नका लागि नै म बाँचेको हुँ। तर आवश्यकता पऱ्यो भने यही आदर्शका लागि म मर्न तयार हुनेछु।

मण्डेलाले केपटाउनको रोबेल आइलैन्ड प्रिजनमा २७ वर्ष व्यतित गरे। जेलमा रहँदा उनीप्रतिको सम्मान झन् बढेको थियो। उनी दक्षिण अफ्रिकामा मात्र नभई विश्वभर नै अश्वेत नेताका रुपमा चर्चित छन्। जेलभित्र पनि रंगभेद नीति लागू थियो। मण्डेला लगायत उनका सहयोगीहरूले चुना कारखानाका कडा परिश्रम गर्नुपर्थ्यो। गोराहरूको तुलनामा अश्वेतबन्दीहरूले निकै थोरै रासन पाउँथे। हरेक ६ महिनामा एकजनालाई मण्डेलालाई भेट्न र पत्र पठाउन अनुमति दिइन्थ्यो। यही जेल बसाइका समयमा मण्डेलाको फोक्सोमा समस्या उत्पन्न भयो र अन्त्य हुनुमा पनि यही नै कारण बन्यो। रोबेल आइलेण्डको जेलमा उनले कैयौं वर्ष दुःखका साथ बिताए। गिटी फुटाए, चिसो भुइँमा सुत्न बाध्य भए, भोकभोकै कैयौं दिन कटाए। तर उनले आफ्नो विश्वासलाई कहिल्य डगमगाउन दिएनन्।

सन् १९८५ मा दक्षिण अफ्रिकाका राष्ट्रपति पी डब्लु बोथाले मण्डेलालाई जेलमुक्त गर्न सर्त राखे। आन्दोलन छोडेको घोषणा गर्नुपर्छ। मण्डेलाले त्यसको उत्तर लेखे। उनकी छोरीले त्यो उत्तरलाई एउटा सभामा पढेर सुनाइन्- 'म हिंस्रक मान्छे होइन, बोथाले हिंसा त्यागुन्। उनले रंगको आधारमा भेदभाव गर्दिन भनुन्। उनको र मेरो स्वतन्त्रता फरक हुन सक्दैन। एएनसीमाथिको प्रतिबन्ध लाग्दा म जेलमुक्त भए पनि आफूलाई स्वतन्त्र पाउने छैन।'

मण्डेला आफ्ना कुरामा अडिग रहे। तर उनले सधैं बोथासँगको वार्ताको वातावरण बनाउन पनि लागिरहे। सन् १९८९ मा उनले बोथालाई भेटे। वार्ता भयो। त्यसको केही समयपछि सन् १९९० को फेब्रअरीमा दक्षिण अफ्रिकाका नागरिकलाई सुखद समाचार आयो- एएनसीमाथिकोृ प्रतिबनध हटाइएको छ र मण्डेलालाई जेलमुक्त गरिँदैछ। ११ फेब्रुअरीमा मण्डेला जेलबाट रिहा गरिए। 'जेलले मलाई उदार र सहिष्णु हुन सिकायो' जेलबाट पछि मण्डेलाले भनेका छन्- मलाई दक्षिण अफ्रिकाले शत्रुलाई पनि माया गर्ने मान्छे हो भनेर चिनोस् भन्ने चाहना थियो जबकि म उनीहरूको नीतिको सबभन्दा ठूलो विरोधी थिएँ।'

रिहाइपछि मण्डेला आफ्नो जीवनकै महान् लक्ष्यमा फर्किएका थिए। जुन लक्ष्यमा चार दशक अगाडि उनी र अन्य अभियन्ताहरूले तय गरेका थिए। सन् १९६० मा प्रतिबन्ध लागेपछि एएनसीको पहिलो राष्ट्रिय सम्मेलन १९९१ मा सम्पन्न भयो। सम्मेलनपछि मण्डेला एएनसीको निर्वाचित अध्यक्ष बने भने उनका साथी ओलिमा ताम्बे संगठनको राष्ट्रिय अध्यक्ष। मण्डेलाको नेतृत्व र कामको त्यतिबेला पहिचान भयो जतिबेला तत्कालीन राष्ट्रपति एफ डब्लु डे क्लार्कसँग मण्डेलालाई संयुक्त रुपमा अन्तर्राष्ट्रिय नोबेल शान्ति पुरस्कार प्रदान गरियो। मण्डेला जेल बाहिर आएपछि दक्षिण अफ्रिकामा



आमूल परिवर्तन आयो। एएनसीले मात्र मण्डेलाको समर्थन गरेन बोथा लगायत तत्कालीन सरकारी अधिकारीहरूले पनि उनलाई सहयोग गरे। त्यसपछि मण्डेलाले पछाडि फर्कनु परेन।

सन् १९१४ को २७ अप्रिलमा भएको दक्षिण अफ्रिकाको पहिलो बहुजातीय चुनावमा अफ्रिकी नेसनल कांग्रेसले ६२ प्रतिशतसहित बहुमत प्राप्त गऱ्यो। सन् १९९४ मा मण्डेला दक्षिण अफ्रिकाको पहिलो अश्वेत राष्ट्रपति बने। दुई वर्षभित्रै संविधानसभाले नयाँ संविधान बनायो। सन् १९९६ मा दक्षिण अफ्रिकाको नयाँ संविधानमा मण्डेलाले हस्ताक्षर गरे। सन् १९९९ मा उनको राष्ट्रपतिको कार्यकाल सकिएको थियो। उनले दोस्रो राष्ट्रपतीय कार्यकालको मोह देखाएनन्। उनले राजनीतिक जीवनबाटै संन्यास लिए। उनले कार्यकाल सकिएलगत्तै थाबो मावेकीलाई राष्ट्रपतिको उत्तराधिकारी बनाए। राजनीतिबाट संन्यास लिए पनि उनी सामाजिक काममा भने लागिरहे। आफैंलाई जेलमा थुन्ने राष्ट्रपति एफ डब्लु डे क्लार्कलाई उपराष्ट्रपति बनाएर राजनीतिक उदारता देखाएक थिए। 'हामी भुल्न सक्दैनौं तर क्षमा गर्न सक्छौं भन्थे शत्रुप्रति उनी। नेल्सन मण्डेलाको प्रेम जीवन राजनीतिक रुपमा नै समानान्तर रुपमा अगाडि बढेको पाइन्छ। मण्डेला पार्टीका राजनीतिक कार्यकर्ता हुँदा सन् १९४४ मा इम्ल्यान मेसीसँग विवाह गरेका थिए। चार सन्तान समेत जन्माएको यो जोडीको सन् १९५८ मा सम्बन्धविच्छेद भएको थियो। मण्डेला आबद्ध एएनसीलाई प्रतिबन्ध लगाई उनलाई अपराधी घोषणा गरेपछि उनको वैवाहिक सम्बन्ध टुटेको थियो।

मण्डेलाको दोस्रो विवाहको संयोग पनि उत्तिकै चर्चित छ। रंग विभेदी तत्कालीन शासकले नियन्त्रण गर्ने क्रममा बिनी मडिकिजेलासँग उनको विवाह भएको थियो। मण्डेला जेल परेदेखि नै बिनीले उनको रिहाइको माग गर्दै आएकी थिइन् र अभियान समेत चलाएकी थिइन्। मण्डेला जेलमा हुँदा बिनी निकै शक्तिशाली महिला कहलिएकी थिइन्।

तर यौन लगायत विभिन्न काण्डमा मुछिएपछि यो जोडीको सम्बन्धमा सन् १९९२ मा चिसोपन आयो। सन् १९९५ मा बिनीलाई मण्डेलाको सरकारबाट हटाइयो र अन्ततः १९९६ मा यो जोडी आधिकारिक रुपमा दुई किनारा लाग्यो। बिनीतर्फ मण्डेलाका दुई सन्तान छन्। बिनीलाई अपहरणमा संलग्न भएको संगीन आरोप समेत लागेको थियो।

उनको तृतीय विवाह भने ग्रासासँग भएको थियो। मण्डेलाको ८० औं जन्मदिवस मनाउँदा मोजाम्बिककी पूर्वराष्ट्रपति सामोरा माचेलकी विधवा ग्रेसा तेस्री पत्नी बनेर मण्डेलाको जीवनमा आएकी थिइन्। ग्रेसासँगको आफ्नो सम्बन्ध पुरानो रहेको र यसको गोप्यता खोल्न नसकिने भन्थे मण्डेला।

सन् १९९४ को २० अप्रिल मण्डेलाले अविस्मरणीय क्षण मानेका थिए, जुन दिन दक्षिण अफ्रिकाका कला जनताले प्रथम पटक मताधिकारको प्रयोग गर्न पाएका थिए। दक्षिण अफ्रिकालाई समृद्ध राष्ट्र बनाउन उनले गरेको योगदानलाई सधैं सम्झना गर्नेछन् त्यहाँका जनताले।

## यौनहिंसाविरुद्ध अस्ट्रेलियामा प्रदर्शन

अस्ट्रेलिया। यौन दुर्व्यवहार तथा लैंगिक हिंसा अन्त्यको माग गर्दै अस्ट्रेलियामा सोमबार हजारौंले देशव्यापी प्रदर्शन गरेका छन्। राजधानी क्यानबेराका साथै सबै मुख्य सहरमा गरिएको प्रदर्शनका सहभागीले महिलामाथि हुने यौन दुर्व्यवहार र उत्पीडनविरुद्ध स्वतन्त्र छानबिन गरिनुपर्ने माग गरेका छन्।

'मार्च फर जस्टिस' नामक संस्थाको अगुवाइमा भएको प्रदर्शनमा १ लाखभन्दा बढी महिला, पुरुष तथा बालबालिका सहभागी भएका स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। करिब एक महिनाअघि संसद् भवनस्थित रक्षामन्त्री लिन्डा रेनल्डस्को कार्यालयमा काम गर्ने पूर्वकर्मचारी ब्रिटनी हिगन्सले सहकर्मीद्वारा बलात्कृत हुनुपरेको आरोप लगाएपछि यो मुद्दा अघि आएको हो। यसलगत्तै महान्यायाधिवक्ता क्रिस्टियन पोर्टरले करिब ३३ वर्षअघि एक महिलालाई बलात्कार गरेको आरोप लागेपछि यो समस्या अझ चर्किएको हो।

पोर्टरमाथि लागेको आरोपका सम्बन्धमा स्वतन्त्र छानबिन हुनुपर्ने माग उठे पनि अहिलेसम्म यसबारे कुनै आधिकारिक निर्णय गरिएको छैन। सोमबार देशैभरि आयोजित प्रदर्शनमा सहभागी महिलाले उक्त मुद्दाका विषयमा स्वतन्त्र छानबिन हुनुपर्ने मागसमेत उठाएका छन्।

यो संख्यामा पहिलो पटक आयोजना भएको दाबी गरिएको यस प्रदर्शनमा आयोजकले मुख्य ४ वटा माग अघि सारेका छन्। जसमा हरेक किसिमका लैंगिक हिंसाका बारेमा पूर्णरूपमा स्वतन्त्र छानबिन गरिनुपर्ने, अस्ट्रेलियास्थित मानव अधिकार आयोगद्वारा सुझाव दिइएका ५५ वटै सुझावलाई कार्यान्वयन गरिनुपर्ने, लैंगिक हिंसाको रोकथाम तथा अन्त्यका लागि सहयोग बढाउनुपर्ने र यससम्बन्धी अझ प्रभावकारी कानुन बनाउनुपर्ने माग गरिएको छ। प्रदर्शनको अगुवाइ गरिरहेकी संस्थाकी संस्थापक जेनिन हेन्ड्रीले हाम्रो समाजमा अहिले पनि संस्थागत असमानता कायमै रहेका कारण महिलामाथि यौनिक हिंसा हुने गरेको बताइन्। उनले केही सातापहिले मात्र स्थापना गरेको उक्त संस्थालाई अहिले करिब ४० हजारले फलो गरेका छन्। उनले आफूहरूले संस्थागत परिवर्तन नभएसम्म आवाज उठाइरहने बताएकी छन्।

प्रदर्शन अस्ट्रेलियाका विभिन्न ४० स्थानमा आयोजना गरिएको स्थानीय समाचार संस्था एसबीएसले जनाएको छ। सिड्नी, क्यानबेरा, मेलबर्न, ब्रिसबनका साथै ग्रामीण भेगका सहरमा आयोजित प्रदर्शनमा समेत महिलाले उल्लेख्य रूपमा सहभागिता जनाएका थिए। आयोजकले प्रधानमन्त्री स्कट मरिसन र उपप्रधानमन्त्री माइकल मकोर्म्याकलाई समेत ऱ्यालीमा सहभागिताका लागि अनुरोध गरेको भए पनि उनीहरूले व्यस्तताका कारण सहभागिता जनाउन नभ्याउने बताएका थिए।

प्रधानमन्त्री मरिसनले कार्यक्रम आयोजकलाई महिलामन्त्री मरिस पेइनको सहभागितामा अलग्गै भेट्नका लागि प्रस्ताव गरेका भए पनि उक्त प्रस्तावलाई आयोजकले अस्वीकार गरेको थियो। प्रधानमन्त्री मरिसनले महिलामाथि हुने सबै प्रकारको हिंसाको अन्त्य गर्नु आफ्नो सरकारको उच्च प्राथमिकता रहेको दोहोऱ्याएका छन्। उनले सोमबार संसद्मा बोल्दै महिलाले आयोजना गरेको ऱ्यालीको प्रशंसा गरेका थिए।

राजधानी क्यानबेरामा आयोजित हजारौंको ऱ्यालीलाई सम्बोधन गर्दै हिगिन्सले आफूहरू अन्य महिलामाथि हुने शारीरिक हिंसाको अन्त्यका लागि अघि आउन बाध्य भएको बताइन्। उनले आफूहरू यहाँ आउनु चाहना नभई बाध्यता भएको समेत बताएकी थिइन्। ऱ्यालीमा सहभागी महिलाले शारीरिक हिंसाका विरुद्धमा सरकारको कदम प्रभावकारी नभएको बताएका थिए भने केही सहभागीले कालो पोसाक लगाएर विरोध जनाएका थिए। आयोजकले सोमबार आयोजना गरिएको

ऱ्याली महिलाद्वारा आयोजित अहिलेसम्मकै ठूलो प्रदर्शन भएको हुन सक्ने दाबी गरेको बीबीसीले उल्लेख गरेको छ। आयोजकले प्रधानमन्त्री मरिसनलाई सम्बोधन गर्दै ९४ हजारद्वारा हस्ताक्षरित पेटिसन विपक्षी दलकी सांसद तान्या पिल्बरसेक र ग्रिन पार्टीकी सिनेटर लारिसा वाटरसले स्विकारेका थिए। उनीहरूले ऱ्यालीमा सहभागितासमेत जनाएका थिए।

## कोभिड-१९ बढेपछि भारत चिन्तित

नयाँदिल्ली। भारतमा पछिल्ला दिनहरूमा कोरोना भाइरस संक्रमितको संख्या चिन्ताजनक रूपमा बढ्दै गएको छ। अधिकारीहरूले संक्रमण थप फैलिएसँगै खोप अभियान तीव्र पारिएको जनाएका छन्।

भारतको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार आइतबार एकै दिन २५ हजार ३ सय २० जना संक्रमण पुष्टि भएको छ। जुन ३ महिनायताकै दैनिक संक्रमितको संख्यामा सबैभन्दा बढी हो। आइतबार थपिएका संक्रमितसँगै भारतमा कुल संक्रमितको संख्या १ करोड १३ लाख नाघेको छ।

संक्रमितको संख्याका हिसाबले भारत विश्वमा एघारौं स्थानमा छ। दैनिक वृद्धिका हिसाबले आइतबार सबैभन्दा उच्च रहेको छ। अघिल्लो दिनको तुलनामा आइतबारको वृद्धि ८ हजार ५ सय २२ ले बढी हो। यो वृद्धि गत भदौयताकै सबैभन्दा बढी भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। आइतबार मात्रै संक्रमणका कारण १ सय ६१ जनाको ज्यान गएको छ। योसँगै आइतबारसम्ममा भारतमा भाइरसका कारण ज्यान गुमाउनेको संख्या १ लाख ५८ हजार ६ सय नाघेको छ।

केही दिनयता संक्रमणमा भएको वृद्धिलाई संक्रमणको अर्को लहर हुन सक्ने भन्दै चिन्तासमेत व्यक्त हुन थालेको छ। विशेषगरी महाराष्ट्र, कर्नाटक, केरला, पन्जाब, गुजरातलगायत राज्यमा



संक्रमण बढ्न थालेको छ। त्यसमध्ये पनि महाराष्ट्रको अवस्था त निकै चिन्ताजनक छ। महाराष्ट्रमा आइतबार मात्रै १५ हजारभन्दा बढीमा संक्रमण पुष्टि भएको थियो।

संक्रमण बढ्दै गएपछि केही राज्यहरूले विभिन्न स्थानमा लकडाउन र रात्रिकालीनको कर्फ्यु आदेश जारी गरिसकेका छन्। पन्जाब सरकारले लुधियानालगायतका विभिन्न ८ जिल्लामा राति ११ बजेदेखि बिहान ५ बजेसम्म कर्फ्यु घोषणा गरेको छ। त्यसैगरी, महाराष्ट्र सरकारले कोरोना संक्रमण नियन्त्रणका लागि मुम्बईका केही भाग, नागपुर, पुनेलगायतका जिल्लामा लकडाउन र रात्रिकालीन कर्फ्यु घोषणा गरिसकेको छ। नागपुर जिल्लामा सोमबारदेखि एक साताका लागि लकडाउन गर्ने निर्णय गरिएको छ भने पुने र नासिकमा रात्रिकालीन कर्फ्यु लगाइएको छ।


महाराष्ट्रका मुख्यमन्त्री उद्धव ठाकरेले संक्रमण एक्कासि बढ्न थालेपछि राज्यभर लकडाउन गर्ने चेतावनीसमेत दिएका छन्। आइतबार थपिएका नयाँ संक्रमितमध्ये १५ हजारभन्दा बढी त महाराष्ट्रका मात्र छन्। मुख्यमन्त्री ठाकरेले मानिसहरूले मास्क लगाउने र दूरी कायम गर्न छाडेको भन्दै अझै पनि हेलचेक्र्याइँ गरे राज्यभर नै लकडाउन गर्ने चेतावनी दिएका भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

भारतका राज्यहरूमध्ये महाराष्ट्रमा नेपाली कामदारहरूको सबैभन्दा बाक्लो उपस्थिति छ। विशेषगरी मुम्बई, पुने, नासिक लगायतका सहरमा नेपालीहरू रोजगारीका लागि जाने गर्छन्। उनीहरूमध्ये धेरैजसो रेस्टुराँ, होटल र अपार्टमेन्टमा सुरक्षा गार्डको काम गर्छन्। जसका कारण भाइरसको संक्रमण उकालो लाग्दै गर्दा उनीहरूमा स्वास्थ्य जोखिमका साथै रोजगारी गुम्ने चिन्ता पनि बढ्छ। भारत सरकारले यसअघि नै भाइसविरुद्धको खोप अभियान सुरु गरिसकेको छ।

अधिकारीहरूका अनुसार आइतबारसम्म २ करोड ९७ लाख ३८ हजारभन्दा बढीले खोप लगाएका छन्। शनिबार मात्रै २० लाखभन्दा बढीले खोप लगाएका बताइएको छ। जनवरी १६ मा सुरु पहिलो चरणको खोप अभियानमा स्वास्थ्यकर्मी तथा कोभिड महामारीविरुद्ध अग्रमोर्चामा खटिएका ३ करोड जनालाई खोप दिइएको थियो। मार्च १ देखि दोस्रो चरणको खोप अभियान सुरु गरिएको हो।

प्रेरक

## अरस्तुका गुरु



एकपटक एक विद्वान् एथेन्सका महान् दार्शनिक अरस्तुसित भेटघाट गर्न गए । भेटघाटका क्रममा उनले अरस्तुलाई भने- हजुरजस्ता महान् दार्शनिकसित भेटघाट गर्न पाउँदा म निकै खुसी छु । यो मेरो अहोभाग्य पनि हो । त्यसैले म हजुरका परमपूज्य गुरुसित भेटघाट गर्न चाहन्छु । यथार्थमा हजुरका गुरु को हुनुहुन्छ ?

विद्वान्को विचार बुझेपछि अरस्तुले भने– कुरा त निकै राम्रो हो । तर, तपाईंले मेरा गुरुसित भेटघाट गर्न सक्नुहुन्न । विद्वान्ले प्रश्न गरे- के उहाँ यस संसारमा हुनुहुन्न ? अरस्तुले जवाफ दिए– मेरा गुरु कहिल्यै मर्नुहुन्न । विद्वान्ले अरस्तुको भनाइको रहस्य बुझ्न सकेनन् । प्रत्यक्षतः उनले भने- मैले हजुरको भनाइको आशय बुझ्न सकिनँ, कृपया प्रस्ट पारिदिनुहुन्थ्यो कि ? मन्द मुस्कुराउँदै अरस्तुले भने- यस संसारका सबै मूर्ख मेरा गुरु हुन् र यस संसारमा मूर्ख कहिल्यै मर्दैनन् ।

अरस्तुको भनाइ सुन्दा विद्वान् छक्क परे । उनले मनमनै सोचे- हैन, अरस्तु पागल भए कि के हो ? यस्ता असाधारण दार्शनिकका गुरु मूर्ख कसरी हुन सक्छन् ? उनले साहस जुटाएर भने- मानिसहरू ज्ञानको खोजमा गुरुकुलदेखि विद्वान् गुरुहरूको शरणमा जान्छन् । तर, मूर्खको शरणमा पनि कोही जान्छन् भन्ने चाहिँ मैले आजसम्म सुनेको या देखेको छैन ।

विद्वान्लाई सम्फाउँदै अरस्तुले भने- यथार्थमा कुनै व्यक्ति उसका अवगुणका कारण मूर्ख मानिन्छ । त्यसैले, कतै आफूभित्र पनि त्यस्ता कुनै अवगुण त छैनन् भनेर म जहिल्यै आत्मनिरीक्षण गरिरहन्छु । आफूभित्र त्यस्ता अवगुण पाएको खण्डमा तिनलाई निकालेर फ्याँकिहाल्छु । त्यसैले, यस संसारमा मूर्ख हुँदैनथे भने आज म केही पनि हुने थिइनँ । अब तपाईं नै भन्नुहोस्, मेरा गुरु को रहेछन्, मूर्ख या विद्वान् ?

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आश्वासन दिनेहरूले आफ्नो प्रतिबद्धता पूरा नगर्न सक्छन् । हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्छ । आफन्त र परिवारजनलाई समय दिनुपर्ने हुन सक्छ । कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ । बगैंचा, फूलबारी र घरको साजसज्जामा समय बित्नेछ । टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्छन् । दोहोर्याएर प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ ।

### वृष

अवसर र व्यवधानका बीचबाट कर्मफल हातपार्न सफल भइनेछ । अरूको विश्वास जित्न केही समय लाग्नेछ । तापनि प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ । सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । मिहिनेतले राम्रो परिणाम प्राप्त हुनेछ । भौतिक साधन जुट्नेछन् । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला ।

### मिथुन

अध्ययनमा विशेष प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्फौता गर्ने समय छ । नयाँ काम प्रारम्भ हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ ।

### कर्कट

रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । बौद्धिक क्षमताको तारिफ हुनेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### सिंह

खर्च लागे पनि काम बन्नेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ला । दोहोर्याएर प्रयत्न गर्दा अवरोध हट्न सक्छ । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुटाउन सकिनेछ । भेटघाटका लागि समय अनुकूल नदेखिए पनि टाढाका साथीभाइले काममा साथ दिनेछन् । केही खर्च बढ्नेछ । समयमा आलस्य गर्ने बानीले पछि परिनेछ । लगानी बढाउने अवसर भने प्राप्त हुनेछ ।

### कन्या

कर्मयोगको विशेष फल प्राप्त गर्ने समय छ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आयआर्जन बढ्नेछ भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ । मिहिनेत गर्दा दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । ऋण तथा कर्जा पनि चुक्ता गर्न सकिनेछ ।

### तुला

विशेष कर्म प्राप्तिको योग छ । तर अवसर र चुनौती एकसाथ देखा पर्ने हुँदा होसियारीसाथ काममा जुट्नुपर्ला । सामाजिक जिम्मेवारी बढ्नेछ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । अँटेको काम सिद्ध गर्न सकिनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ ।

### वृश्चिक

सम्भावना र अवसर खोजी गर्ने समय छ । आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक दायित्व बढ्नेछ । सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम सम्पादन गर्न सकिनेछ ।

### धनु

स्वास्थ्य कमजोर रहनेछ भने केही प्रतिकूल परिस्थितिसँग जुध्नुपर्नेछ । अशक्त अवस्थामा व्यस्तता बढ्नेछ । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । हलमुलमा धनमाल हराउन सक्छ । प्राथमिकताका आधारमा काम अघि बढाउन नसकिएला । सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त गर्न समय लाग्नेछ । विवादास्पद निर्णयले समस्या निम्त्याउन सक्छ ।

### मकर

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । आकर्षक उपहारले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । परिवारजनको साथ जुट्नाले अप्ठ्यारा परिस्थितिलाई सहज बनाउन सकिनेछ । भौतिक वस्तुहरू जुटाउन सकिनेछ । शुभचिन्तकहरूको सहयोगले सजिलै काम बन्नेछ ।

### कुम्भ

भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ । प्रतिपक्षीहरू समेत परिस्थितिले सहयोगी बन्नेछन् । प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । पहिले दुश्मनी गर्नेहरूले भने केही समस्या निम्त्याउन सक्छन्, सजग रहनुहोला ।

### मीन

श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । आम्दानीका स्रोत पनि बढ्नेछन् र दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ ।

## समाचार संक्षेप

### ढुङ्गा प्रहारबाट मृत्यु

काठमाडौं । काठमाडौं महानगरपालिका-१४ कलंकी थापागाउँमा हाल नाम, थर, वतन नखुलेका करिब ५० वर्षीय पुरुषको ढुङ्गा प्रहारबाट आइतबार बिहान मृत्यु भएको छ । अपरिचित व्यक्तिले टाउकोमा ढुङ्गाले प्रहार गर्दा गम्भीर घाइते भएका उनको शहिद मेमोरियल अस्पताल कलंकीमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार ढुङ्गा प्रहार गर्ने व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### मृत अवस्थामा फेला

काठमाडौं । ललितपुर, ललितपुर महानगरपालिका-१८ मञ्जुश्री टोलस्थित बागमती खोलामा हाल नाम, थर, वतन नखुलेका करिब ६० वर्षीय पुरुष शनिबार मृत अवस्थामा फेला परेका छन् ।

सिन्धुली, गोलन्जोर गाउँपालिका-७ खुर्कोटस्थित दिदीको घरमा बस्दै आएकी दोलखा घर भएकी २३ वर्षीया राधिका थापा (कार्की) गोलन्जोर गाउँपालिका-३ मुर्मीबेसिस्थित सुनकोशि नदीमा शनिबार मृत अवस्थामा फेला परेकी छिन् । उनी बुधबार देखि हराई बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी खालटारबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा उक्त नदीको किनारमा उनको शव फेला पारेको हो ।

### राष्ट्रिय सहकारीको कार्यदल

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले केन्द्रीय कार्यालय भवन निर्माण प्रक्रिया अगाडि बढाएको छ । बैंकको १७ औं वार्षिक साधारणसभाले जग्गा खरिद गरी भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरे लगत्तै जग्गा खरिद गरेको बैंकले केन्द्रीय कार्यालय भवन निर्माणका लागि कार्यदल गठन गरेको हो ।

बैंकका सञ्चालक रामहरि बजगाईंको संयोजकत्वमा गठित भवन निर्माण कार्यदलमा सञ्चालकहरू ज्ञान बहादुर तामाङ, पार्वती थापा र केदार मानन्धर सदस्य रहनु भएको छ । सञ्चालक समितिको बैठकले गठन गरेको कार्यदलको सदस्य सचिवमा बैंकका प्रबन्धक मोहन बहादुर कार्की रहनु भएको छ । बैंकले काठमाडौंको टेकुमा २ रोपनी १ आना २ पैसा क्षेत्रफलको जग्गा २० करोड ६० लाख २५ हजार रुपैयामा खरिद गरेको थियो । ६८ शाखामार्फत देशभरका सहकारी संघ संस्थाहरूलाई सेवा प्रदान गर्दै आएको बैंकमा हाल करिब १३ हजार सहकारी संघ संस्था शेयर सदस्य रहेका छन् । बैंकमा २ अर्ब ८५ करोड शेयर पूँजि, ६० अर्ब निक्षेप र ३३ अर्ब कर्जा लगानी रहेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले जानकारी दिनुभयो ।

### दुर्घटनामा मृत्यु

काठमाडौं । काठमाडौं, तनहुँ, सिरहा र दाङका छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा परी ५ जनाको मृत्यु भएको छ ।

काठमाडौं महानगरपालिका-३२ जडिबुटीस्थित खाली जग्गामा रहेको मोटर स्यारेजमा पार्किङ गर्ने क्रममा ना.५ ख ४८०० नम्बरको बसको ठक्करबाट हाल नाम, थर, वतन, नखुलेका करिब २२ वर्षीय पुरुषको सोमबार दिउँसो मृत्यु भएको छ । बसका सहचालकले बस पार्किङ गर्ने क्रममा ती पुरुषलाई ठक्कर दिंदा गम्भीर घाइते भई उपचारको लागि राष्ट्रिय ट्रमा सेन्टर लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो । बसका सहचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मृत अवस्थामा फेला

काठमाडौं । काठमाडौं, गोकर्णेश्वर नगरपालिका-४ उत्तरबाहिनीस्थित सप्तऋषि मन्दिर परिसरमा सोही नगरपालिका-४ गोकर्ण नाम्लेल बस्ने मकवानपुर हेटौंडा उपमहानगरपालिका-१२ घर भएकी ४८ वर्षीया धावा लामा सोमबार मृत अवस्थामा फेला परेकी छिन् ।

### दुर्घटनामा ६ जनाको मृत्यु

काठमाडौं । कैलाली, सिरहा, मोरङ, धनुषा र रौतहटका छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको छ ।

कैलाली, घोडाघोडी नगरपालिका-५ डोके बजार नजिक सडकमा लु.१ ख ८६०६ नम्बरको ट्रकलाई ओभरटेक गर्ने क्रममा ना.६ ख ७४६१ नम्बरको बस अनियन्त्रित भई सडकबाट करिब ५ मिटर तल पल्टिएर आइतबार साँझ दुर्घटना हुँदा बसमा सवार हाल नाम, थर, वतन र उमेर नखुलेका पुरुषको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका बसमा सवार २७ जनामध्ये १ जनालाई घोडाघोडी अस्पताल सुखड हुँदै थप उपचारका लागि मेडिकल कलेज कोहलपुर रिफर गरिएको छ भने १९ जना उपचार पश्चात डिस्चार्ज भएको र ७ जनाको घोडाघोडी अस्पताल सुखडमा उपचार भइरहेको छ । दुवै चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मृत अवस्थामा फेला

कैलाली । घोडाघोडी नगरपालिका-८ डुडापारी मटेरी बस्ने ५५ वर्षीय वीर बहादुर नेपाली सोही नगरपालिका-८ लठुवास्थित बाटोमा आइतबार मृत अवस्थामा फेला परेका छन् ।

### डुबेर मृत्यु

काठमाडौं । सप्तरी, विष्णुपुर गाउँपालिका-३ मुसहरनिया बस्ने ईन्द्र नारायण यादवकी १३ वर्षीया छोरी अञ्जली कुमारी यादवको पोखरीमा डुबेर आइतबार दिउँसो मृत्यु भएको छ । सोही ठाउँस्थित पोखरीको पानीमा नुहाउने क्रममा डुबेर अशक्त भएकी उनको गजेन्द्र नारायण सिह अस्पताल राजविराजमा उपचारको क्रममा मृत्यु भएको हो ।

धनुषा, हंसपुर नगरपालिका-७ प्रसाही बस्ने अनिल साहको १ वर्षीय छोरा युवराज साहको पोखरीमा डुबेर आइतबार साँझ मृत्यु भएको छ । घरदेखि करिब १ सय मिटर टाढा रहेको पोखरी नजिक खेल्ने क्रममा पोखरीमा डुबेर अशक्त भएका उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### दुर्घटनामा १३ जनाको मृत्यु

काठमाडौं । मनाङ, भक्तपुर, झापा, बारा, सप्तरी, सर्लाही र चितवनका छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा परी १३ जनाको मृत्यु भएको छ ।

मनाङ, नासों गाउँपालिका-२ खोत्रोस्थित सडकमा ध.१ ख ४९२ नम्बरको ट्रक सडकबाट करिब ५० मिटर तल खसेर दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा ट्रकमा सवार नासो गाउँपालिका-४ बस्ने ३५ वर्षीया मनिषा गुरुङ लगायत ३ जनाको घटनास्थलमै, २ जनाको जिल्ला अस्पताल लमजुङ र १ जनाको मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका अन्य २ जनाको सोही अस्पतालमा उपचारको भइरहेको छ ।

भक्तपुर, सूर्यविनायक नगरपालिका-१० चितापोलस्थित सडकमा बा.४ ख ९८१० नम्बरको टिपरले मे.८ प ८३९७ नम्बरको मोटरसाइकललाई शनिबार दिउँसो ठक्कर दिंदा मोटरसाइकलमा सवार काठमाचौं हात्तीगौंडा बस्ने सोलुखुम्बु दुधकुण्ड गाउँपालिका-११ घर भएकी ५९ वर्षीया सिता कुमारी कार्कीको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएकी उनको भक्तपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

झापा, दमक नगरपालिका-४ चिया बगानस्थित सडकमा प्रदेश १-०२-००१ क १०८२ नम्बरक टिपरले प्रदेश १-०२-०४४ प ८१३३ र को.२८ प ११३६ नम्बरको मोटरसाइकललाई शनिबार साँझ ठक्कर दिंदा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा प्रदेश १-०२-०४४ प ८१३३ नम्बरको मोटरसाइकलमा सवार मोरङ रतुवामाई नगरपालिका-८ बस्ने २३ वर्षीय अनिष कोईराला र मोटरसाइकल चालक २३ वर्षीय निरन बस्नेत रहेका छन् । दुर्घटनामा घाइते भएका अनिषको लाईफ लाईन अस्पताल दमकमा र बस्नेतको वीएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Truncate = छिमल्नु There are trees or plants which should be truncated every year (यस्ता रुख वा बिरुवा हुन्छन जस्लाई हरेक वर्ष छिमल्नु पर्दछ )

Unruly = अनियन्त्रित To control the unruly mob, police used tear gas (अनियन्त्रित भिडलाई नियन्त्रणमा ल्याउन प्रहरीले अश्रुग्यास प्रयोग गर्‍यो )

Vitreous = शिशा संग संबन्धित Some plastics have vitreous quality (केही प्लास्टिकहरू शिशाकै गुणस्तरका हुन्छन )

Worldy = सांसारिक Every one has to leave once worldy goods behind (हरेकले एकपटक सांसारिक वस्तु त्यागेर हिड्नै पर्दछ )

Appropriate = विनियोजन गर्नु, प्राप्त गर्नु A large sum has been appropriated for the purchase of ammunition ( हात हतियार किन्नको लागि भनेर ठूलो रकम विनियोजन गरिएको छ)

Brittle = कडा तर सजिलै फुट्ने These glasses are brittle, handle them with care (यी ग्लासहरू सजिलै फुट्ने हुंदा होस पुर्‍याएर यसको प्रयोग गर)

Converge = जम्मा हुनु, भेला हुनु Leaders from all over the world have converged on South Africa to take part in Earth Summit (विश्वका नेताहरू पृथ्वि सम्मेलनमा भाग लिन को लागि दक्षिण अफ्रिकामा भेला भएका छन् )

Disparage/Belittle = कम मूल्यांकन गर्नु He always wants to disparage the talents of his son (ऊ आफ्नो छोराको जेहन्दारीता लाई कम मूल्यांकन गर्न गर्दछ )

Exuberant = मनमोहक, अति आनन्दपूर्ण, अति रमाइलो The meeting was not boring because the master of ceremony was quite exuberant (समारोह संचालक ज्यादै रमाइलो भएको हुंदा बैठक कहिले सकिएला भन्ने जस्तो अनुभव भएन)

Frolicsome = ठट्टा गर्ने, रमाइलो पाराको The frolicsome puppy tried to lick the face of the master (हसिलो कुकुरको छाउरो उस्को मालिकको मुख चाट्न खोज्दछ )

## Show बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Show something at = केही चिज देखाउनु Show your ticket at the entrance प्रवेशद्वारमा तिमिले आफ्नो टिकट देखाउनु ।

Show somebody in = मा देखिनु The photo shows her dressed in black तस्विरमा तिनी कालो लुगामा देखिन्छिन ।

Show somebody something = कसैलाई केहि देखाउनु He showed me all his photos since childhood उस्ले मलाई आफ्नो बालापन देखिको सबै फोटो देखायो ।

Show sign of = को देखिनु My shoes are very new but show signs of wear मेरो जुत्ता ज्यादै नया हो तर लगाइसकेको जस्तो देखिन्छ ।

Show in = मा देखिनु How lazy he is, can be seen in his exam results उ कति अल्छि छ भन्ने कुरा उस्को परिक्षाको नतिजामा देख्न सकिन्छ ।

Show oneself in = आफैमा देखिनु His anger shows itself in his face उस्को क्रोध उस्को अनुहारमा स्पष्टै देखिन्छ ।

Show oneself at = मा देखिनु He showed himself very brief in the party उ पार्टी (भोज) मा केहि क्षण मात्र देखियो

Show somebody something = कसैलाई केही देखाउनु She showed me a great understanding तिन्ले मलाई ठूलो सद्भावना देखाइन

Show contempt for somebody = कसैको अपहेलना गर्नु I do not want to show contempt for him म उस्को अपहेलना गर्न चाहन्न

Show oneself unable =आफैलाई असक्षम देखाउनु She does not want to show herself unable to deal with money (तिनी आफुलाई पैसा चलाउन नजान्ने देखाउन चाहन्नन् ।

### सुडोकु-अंक २१९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | | | २ | ५ | | | |
| | | | ९ | | | | ४ | |
| | ५ | ३ | १ | | | | ८ | |
| | | | | | | २ | | |
| १ | ४ | | | | | | ९ | ८ |
| | | ७ | | | | | | |
| | ८ | | | | ३ | ५ | ६ | |
| | ७ | | | | २ | | | |
| | | | ७ | ६ | | | | ३ |

### अंक २१८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ४ | ३ | ६ | ५ | ८ | २ | ७ | १ |
| ५ | ७ | ८ | २ | १ | ३ | ६ | ४ | ९ |
| २ | ६ | १ | ९ | ४ | ७ | ५ | ८ | ३ |
| ७ | ५ | ९ | ८ | ६ | २ | ३ | १ | ४ |
| १ | २ | ६ | ७ | ३ | ४ | ९ | ५ | ८ |
| ३ | ८ | ४ | ५ | ९ | १ | ७ | ६ | २ |
| ८ | ९ | २ | १ | ७ | ६ | ४ | ३ | ५ |
| ६ | ३ | ५ | ४ | ८ | ९ | १ | २ | ७ |
| ४ | १ | ७ | ३ | २ | ५ | ८ | ९ | ६ |

# ज्वलन्त राष्ट्रिय समस्याका नेपालमुखी समाधानहरू सम्बन्धी नेकपा (माले) को प्रस्ताव

### पृष्ठभूमि

आधुनिक युगमा प्रवेश गरेको नेपाल द्वितीय विश्व युद्ध पश्चात् अर्द्ध-उपनिवेशी तथा अर्द्ध-सामन्ती हुने प्रकृयामा लागेको सामन्ती मुलुक थियो। त्यसबेला नेपालमा आमूल परिवर्तन हुनुको अर्थ आँग्ल-अमेरिकी साम्राज्यवादी तथा विस्तारवादी बन्धन र शोषण-उत्पीडनबाट मुक्त भई वास्तविक राष्ट्रिय स्वतन्त्रता हाँसिल गर्नु र सामन्ती तथा दलाल/नोकरशाही पुँजीवादका शोषण-उत्पीडनहरूलाई अन्त्य गर्दै वास्तविक प्रजातन्त्र प्राप्त गर्नु हुन्थ्यो। अर्थात् त्यस बेला नेपालमा आमूल परिवर्तनको राजनीतिक चरित्र राष्ट्रिय र प्रजातान्त्रिक हुन्थ्यो, नकि सर्वहारा समाजवादी। त्यस्तो अवस्थामा मात्रात्मक परिवर्तन भएको भए पनि नेपाली समाजमा आजसम्म आमूल परिवर्तन भएको छैन।

विशेष गरी नेपालको भूराजनीतिक अवस्थिति र भूपरिवेष्ठित, अझ किटेर भन्दा भारतवेष्ठित स्थितिले गर्दा नेपाली समाजको आमूल परिवर्तन हुने प्रकृया पटक-पटक मात्रात्मक परिवर्तन हुँदै अनुकुल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिमा मात्र आमूल परिवर्तन हुनसक्ने प्रकृया बनेको छ। २००७ सालको राजनीतिक क्रान्तिको समयमै यो वास्तविकता उजागर हुने स्थिति बनिसकेको थिएन; साथै परिवर्तनको त्यस प्रकृयाका वास्तविक अन्तर्राष्ट्रिय मित्र र शत्रु शक्तिहरूको सही पहिचान पनि हुन सकेको थिएन। परिणामतः आन्दोलनकारीहरूमा रहेको तत्काल समाजमा आमूल परिवर्तन ल्याउने चाहनालाई "सघाए जस्तो गरी" आफ्ना संकीर्ण रणनीतिक स्वार्थ हाँसिल गर्ने वाह्य साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरूको कार्यले गर्दा प्रजातान्त्रिक आन्दोलन र परिवर्तनहरू मार्फत् हानीकारक वाह्य साम्राज्यवादी तथा विस्तारवादी प्रभाव र हस्तक्षेपहरूले देशमा भित्रिने अवसर प्राप्त गरे। यस्ता कार्य २००७, २०४६ र २०६३-७२ सालका प्रजातान्त्रिक परिवर्तनमा भए। परिणामतः जनतालाई अधिकार सम्पन्न बनाउने आडमा आएका विदेशी प्रभाव र हस्तक्षेपहरूले राष्ट्रलाई कमजोर बनाए। यस्तो कार्यको प्रतिकृयास्वरुप २०१७ सालमा राजाको नेतृत्वमा नेपालमा दक्षिणपन्थी राष्ट्रवादी राजनीतिक परिवर्तन भयो।

समयक्रममा नेपाली समाजमा आमूल परिवर्तन हुने प्रकृया र यसका अन्तर्राष्ट्रिय शत्रु र मित्र शक्तिहरूको वास्तविक पहिचान पनि खुल्दै आएको छ। २००७ सालदेखि भएका चारवटै राजनीतिक परिवर्तनलाई गंभीरतापूर्वक लिई अनभिज्ञता र अनुभवहीनताबाट विगतमा भएका गल्ती र हानीबाट शिक्षा लिदै, तिनलाई सच्याउँदै नेपालको आमूल सामाजिक परिवर्तनको प्रकृयालाई नेपालीमुखी ढंगले अघि बढाउने अवस्थामा देशका परिवर्तनवादी शक्तिहरू जागृत बनिरहेका छन्। विगतको सिंहावलोकन र समिक्षा गर्दा त्यसबेला प्रभावी बनेका गलत चिन्तन, अवलम्वित गलत प्रकृया र प्राप्त केही राम्रा अनि गंभीर हानीकारक पक्षहरूलाई पहिचान गरेपश्चात् तिनलाई फेरि दोहोरिन नदिनको निम्ति नयाँ ढंगले अघि बढ्नु आजको परम आवश्यकता वनेको छ।

बर्तमान अवस्था २०६३-७२ सालका अग्रगामी परिवर्तनहरूबाट छनौट गर्दै तिनलाई राष्ट्र र जनताका हितमा प्रयोग गर्ने अवस्था हो। नेपाली क्रान्ति विरोधी भारत-पश्चिमा गठबन्धन बलियो वनिरहेको आजको अवस्थामा नेपालमा स्वतन्त्रतापूर्वक आमूल परिवर्तन हुनको निम्ति अन्तर्राष्ट्रिय परिवेश बनिसकेको छैन। आज नेपालको अबस्था राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता तथा भूअखण्डतालाई वलियो वनाउन राष्ट्रिय स्वावलम्बनको सुदृढीकरण गर्ने, वैज्ञानिक समाजवादको होइन सामाजिक पुँजीको विकास गर्ने र ब्यापार-पारवहनको विविधीकरण गर्ने अवस्था हो। यस्तो अवस्था लामै समयसम्म रहन सक्छ। यसवेला उपरोक्त काम गरेर मात्र हामी देशमा जागृत जनताको पहलकदमीद्वारा जनसत्ता कायम गर्ने र शान्तिपूर्वक समाजवादी रुपान्तरण गर्ने दिशातर्फ जनतालाई अघि बढाउन सक्तछौं।

### बर्तमान अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्थिति

आज विश्व वहुध्रुवीय बनेको छ। नयाँ शक्ति उदाइरहेका र पुराना शक्ति पछि धकेलिदै गएका छन्। यस परिवेशमा विश्वमा समाजवादी जनगणतन्त्र चीन र अद्यावधि अतिमहाशक्तिकै हैसियतमा रहेको संयुक्त राज्य अमेरिका बीचको द्वन्द तिखारिदो छ। यो हाल "ब्यापार-युद्ध"को रूपमा प्रदर्शित भइरहेको छ। यो द्वन्द सबै पक्षमा फैलिदै छ। दोस्रो विश्वयुद्ध पछि कायम भएको अमेरिका-केन्द्रित विश्व-व्यवस्था चर्मराउन थालेको छ र परिवर्तित विश्वस्थिति अनुरुपको नयाँ विश्व-व्यवस्था निर्माण हुने क्रममा छ। यही बेला आफ्नै विशेषतहरू सहितको समाजवादी व्यवस्था भएको चीनले सन् २०१३ देखि "क्षेत्र र बाटोको पहल" (*Belt and Road Initiatives BRI*) नामक वीन-वीन भावनाका सथा पारदर्शी तथा प्रजातान्त्रिक ढंगले आपसी सहयोगद्वारा साझा विकास गर्ने विशेषतः पूर्वाधारहरू निर्माण गर्ने महापरियोजना शुरु गरेको छ। त्यसको रणनीतिक लक्ष्य विश्वमा साझा भविष्य भएको मानव जातिको समुदाय निर्माण गर्नु हो। त्यसमा नेपाल लगायत विश्वका १५० देश र क्षेत्रहरू सामेल भइसकेका छन्। यस विपरित, विश्वमा क्रमशः नयाँ शित-युद्धको परिवेश निर्माण हुँदैछ। संयुक्त राज्य अमेरिका विश्वमा आफ्नो पुरानो हैसियतलाई कायम राख्न जसरी पनि चीनको उदयलाई रोक्न जीउ छोडेर लागेको छ। यस द्वन्दमा आँफै बिभिन्न खाले अन्तरबिरोधमा जेलिएका अधिकांश विकसित पुँजीवादी देशहरू अर्थात् साम्राज्यवादी शक्तिहरू अलग-अलग रूप र मात्रामा अमेरिकाप्रति सहानुभूति र सहयोगभाव राख्तछन्। यही हुर्किदो शीत-युद्धको चुरो कुरा हो।

शक्तिशाली बनिरहेका नेपालका दक्षिणी र उत्तरी छिमेकी देश भारत र समाजवादी चीनका बीचमा पनि वहुआयामिक प्रतिस्पर्द्धा बढिरहेको छ। भारत हिमालयपर्वत श्रृंखलाको काखमा रहेको दक्षिण एशियामा आफ्नो एकलौटी प्रभाव कायम राख्न कृयाशील छ। भारत नेपाल लगायतका दक्षिण एशियाका मुलुकहरूसँग चीनको बढ्दो मित्रतालाई पन्छाउन चाहन्छ। यसो गर्नु बदलिदो विश्व-स्थिति र यी मुलुकहरूको राष्ट्रिय हित प्रतिकुल कार्य हो। साथै भारत सरकार केही वर्षयता अमेरिकाको समाजवादी चीन लक्ष्यित हिन्द-प्रशान्त रणनीतिको साझेदार बनेर यस क्षेत्रमा कृयाशील भइरहेको छ। यी दुई देशबीच विगतदेखि गंभीर सीमा-विवाद पनि रहँदै आएको छ र यसकै आधारमा उनीहरूबीच सन् १९६२ मा छोटो सीमायुद्ध पनि भएको थियो। यस्ता विषय नै आज उनीहरूका बीच बढ्दो द्वन्दका कारण बनेका छन्।

चीनको चौतर्फी शक्ति बृद्धिलाई अवरोध गर्न संयुक्त राज्य अमेरिका तथा अन्य विकसित पुँजीवादी देशहरू (पश्चिमा शक्ति) का कृयाकलापप्रति भारतले सहानुभूती राख्तै र सहयोग पुऱ्याउँदै आएको छ। यस्ता काममा लाग्नु भारतकै रणनीतिक हित अनुरुप छैन। यति मात्र होइन, भारत सन् २००७ देखि नै अनौपचारिक रणनैतिक "चार पक्षीय सुरक्षा सम्वाद" (क्वाड) को सहभागी रहँदै आएको छ। त्यसका अरु सहभागीहरू अमेरिका, जापान र अस्ट्रेलिया हुन्। यसलाई 'हिन्द प्रशान्त सुरक्षा रणनीति'को सुरक्षा संयन्त्र भनिन्छ। भारत आफ्नो रणनैतिक हित नगर्ने त्यस्ता कामहरू गरिरहेको छ।

यस्तो स्थितिमा आफ्नो प्रतिद्वन्दी समाजवादी चीनलाई घेर्ने र त्यहाँ राज्य-परिवर्तन ल्याउने गतिविधिलाई अघि बढाउन अमेरिका लगायत पश्चिमा साम्राज्यवादी शक्ति भारतलाई आ-आफ्नो रणनीति अनुसार प्रयोग गर्न चाहान्छन्। दक्षिणबाट, विशेष गरी नेपाली भूमिबाट आफ्ना जायज सुरक्षा स्वार्थमा कुठाराघात नहोस भनी चीन सजग एवम् कृयाशील रहेको छ। यस परिप्रेक्ष्यम हिन्द-प्रशान्त सुरक्षा रणनीति अन्तरगत अघि कहिल्यै भन्दा धेरै नेपालमा साम्राज्यवादी तथा विस्तारवादी चासो, चलखेल र हस्तक्षेपहरू बढेका छन्। यसले गर्दा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डतामाथि मात्र होइन, देशको अस्तित्वमाथि नै चुनौतीको चाङ् चुलिदैछ।

२०७६ साल कार्तिकमा भारत सरकारद्वारा गरिएको नेपालको पश्चिमी ब्यासक्षेत्र (करिव ४०० वर्ग किमी) को कब्जा र अमेरिकी कम्पनी MCC सँगको राष्ट्रिय हित विपरितको असमान सम्झौतालाई नेपालको संसदबाट अनुमोदित गराउने अनवरत अमेरिकी प्रयत्नलाई यही परिप्रेक्ष्यमा नै हेरिनुपर्छ। उपरोक्त अनुचित वाह्य चासो, चलखेल, दवाव र हस्तक्षेपहरूको सामना गर्न नेकपा (नेकपा) नेतृत्वको नेपाल सरकार अक्षम बन्यो र अन्य संसदीय राजनीतिक शक्ति पनि भरोसायोग्य देखिएनन्।

विगतदेखि नै आन्तरिक रुपमा कतिपय द्वन्दहरू नेपालमा सकृय रहेका छन्, जसले समाजलाई भाँड्ने र राष्ट्रिय सुरक्षालाई आघात पार्ने काम गरेका छन्। त्यसमाथि शासन गर्दै आएका राजनीतिक पार्टीहरूमा दूरदृष्टि, योजना, कार्यक्षमता र ब्यवस्थापकीय क्षमताको सख्त अभाव रहेको छ। नेतृत्वको ब्यक्तिगत स्वार्थले नेता, कार्यकर्ता र कर्मचारी संयन्त्रहरू असक्षम, निकम्मा एवम् भ्रष्ट बनेका छन्। साधारण तर्फको खर्च अत्याधीक बढेको छ। २०७७/७८ को बजेटमा राजश्व आय नेरु ८९० विलियन छ भने साधारण खर्च ११२० विलियन पुगेको छ। भ्रष्टाचार डरलाग्दो बनेको छ, बेरुजु नेरु १२०० विलियन पुगेको छ। ब्यापार घाटा ९६% र वेरोजगारीको दर ८०% जति छ। VAT, भन्सार र स्थानीय कर विश्वभरिकै चर्को छ। यसैमा भ्रष्टाचार हुर्केको छ। शिक्षा र स्वास्थ सेवालाई अव्यबहारिक र अति महंगो पारिएका छन्। दातृ-राष्ट्र र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका चलखेलहरू राजनीतिलाई अस्थीर र अर्थतन्त्रलाई ध्वस्त बनाउन सहयोगी बनेका छन्। नेपाल विश्वको १५६ औं दरिद्र राष्ट्र बनेको छ। त्यसमाथि सामाजिक Harmony क्षत-विक्षत बन्न पुगेको छ। नेकपा (नेकपा) बाट मार्ग परिवर्तन (*Course correction*) को ठूलो अपेक्षा थियो। त्यो हुन सकेन। फलतः देश राजनीतिक तथा आर्थिक संकटबाट गुज्रिन वाध्य बनेको छ।

यस्तो स्थितिमा राष्ट्रको उद्धार (***Rescue***) गर्नको निम्ति सार्वभौमसत्ता र राजकीय सत्ताको स्रोत नेपाली जनता हो भन्ने मान्यतालाई स्वीकार, आत्मसात र कार्यान्वयन गर्ने कम्युनिष्ट, वामपंथी, प्रजातन्त्रवादी र राष्ट्रवादी चरित्रका देशका सबैखाले देशभक्त शक्ति र ब्यक्तिहरूले एकताबद्ध हुनु अत्यावश्यक बनेको छ। देशका वर्तमान राष्ट्रिय ज्वलन्त समस्याहरूलाई समाधान गर्ने नेपालमुखी कार्यसूचीहरूमा सहमति कायम गर्दै, सहकार्य अनि गठबन्धन कायम गरी प्रतिवद्ध देशभक्त प्रगतिशील लोकतान्त्रिक वैकल्पिक राजनीतिक शक्ति र त्यसको सरकार जनआन्दोलन तथा जनमतद्वारा निर्माण गर्न अग्रसर हुनु अत्यावश्यक बनेको छ।

### आजसम्मका प्रयत्नहरू

२०७५ सालको उत्तरार्द्धदेखि नेकपा (माले) को पहलमा कम्युनिष्ट, वामपंथी, प्रजातन्त्रवादी र राष्ट्रवादी राजनीतिक दल र समूहहरूले आपसमा देश-दुनियाको तात्कालिक राजनीतिक स्थितिवारे आपसी सम्वाद गर्न र सामुहिक छलफल चलाउन थालेका हुन। यस कार्यबाट देशका विद्यमान ज्वलन्त समस्याहरूलाई सम्बोधन गर्ने साझा नेपालमुखी कार्यसूची निर्माण गरी उपयुक्त राजनीतिक गठबन्धन बनाउने आवश्यकता र संभावना दुवै रहेको महशुस भएको छ। यसलाई साकार पार्नको निम्ति उनीहरूका बीचमा उद्धेश्यमूलक बैठकहरू हुन थालेका थिए। बिभिन्न प्राविधिक कारणहरू र विशेषतः कोविड-१९ को महामारीका कारणले गर्दा यो प्रकृया लामै समयसम्म अवरुद्ध भयो। तर त्यस्ता अवरोधहरू घट्दै जाने क्रममा उक्त कार्यलाई पुन सकृय बनाउन संभव भएको छ। उपरोक्त चारै राजनीतिक धारका देशभक्त शक्तिहरूको माझमा साझा सहमति र सहकार्य निर्माण गर्नको निम्ति साझा अजेण्डाहरू अपरिहार्य वनेका छन्।

देशका सत्तारुढ राजनीतिक पार्टी हुन् वा प्रतिपक्षमा रहेका संसदमा प्रतिनिधित्व गर्ने "ठूला राजनीतिक पार्टीहरू", प्रायः सबै सत्तालोलुप, स्वार्थी, पैसावादी, देश तथा जनताप्रति गैरजिम्मेवार विदेशमुखी र भ्रष्ट बनेका छन्; सिद्धान्तहीन बनेका छन्। बैदेशिक तावेदारीको प्रबृत्ति भएका एक 'कम्युनिष्ट' नेताले हालै विदेशी मुलुकलाई कम्फर्टेवल हुने सरकार गठन गर्ने बिचार ब्यक्त गरेका छन्। नेपालमुखी साझा अजेण्डा निम्तिको जनआन्दोलनद्वारा यस्ता वेइमान र भ्रष्ट पार्टी तथा तिनको नेतृत्वको बिरुद्ध संघर्ष गर्दै देश, जनता, सिद्धान्त र मूल्य-मान्यताहरूप्रति प्रतिवद्ध देशभक्त प्रगतिशील लोकतान्त्रिक शक्ति र सरकारको निर्माण गर्नु आजको पहिलो आवश्यकता हो। देशका ज्वलन्त राष्ट्रिय समस्याहरू समाधान गर्ने साझा कार्यक्रमको रुपमा निम्न नेपालमुखी अजेण्डा प्रस्तुत गरिन्छ :

### १. राजनीतिक क्षेत्रमा ब्यापक सुधार

१. देश, जनता, सिद्धान्त तथा लोकतान्त्रिक मूल्य-मान्यताहरूप्रति प्रतिबद्ध र भ्रष्टाचार बिरोधी देशभक्त प्रगतिशील लोकतान्त्रिक शक्तिको निर्माण गरिनेछ।

२. सम्वैधानिक राष्ट्र प्रमुख र वालिग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख रहने शासकीय प्रणाली कायम गरिनेछ। भ्रष्टाचार नियन्त्रण गर्न र साधारण खर्चमा ब्यापक कटौती गर्न निम्न प्रकारका राजनीतिक सुधारहरू अत्यावश्यक भइसकेका छन्।

३. प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीले कानुनले निर्धारण गर्ने मापदण्डहरू पुरा गर्ने विज्ञ-विशेषज्ञ-विषयबारे जानकार ब्यक्तिहरूबाट १५ जनासम्मको मन्त्रीमण्डल बनाउनेछन्।

४. द्वीसदनात्मक संसद रहनेछ। छरिता राष्ट्रिय सभा र प्रतिनिधिसभा कायम गरिनेछन्।

५. थोरै १५०-१७५ मा सीमित संख्या भएको सङ्घीय प्रतिनिधिसभाका कायम गरिनेछ। सांसदहरूको काम मुख्यतः सरकारलाई बजेट दिने, विधि निर्माण गर्ने र सरकार तथा सरकारी कामको अनुगमन गर्नेमा केन्द्रित हुनेछ।

६. प्रतिनिधिसभाका सदस्यहरूको चुनावको निम्ति जातीय, लैङ्गिक, जातपातीय र विविध अल्पसंख्यक (क्षेत्रीय, भिन्न क्षमता भएका, यौनिक आदि अल्पसंख्यक) समुदायहरूको समुहहरूबाट संख्यामा आधारित पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम गरिनेछ।

(क) प्रतिनिधिसभा सदस्यका उम्मेदवारहरूको प्रारम्भिक निर्वाचन कानुनद्वारा निर्धारण गरिए वमोजिम जिल्लाको आधारमा सम्बन्धित पार्टी वा संस्थाका सदस्य र आबद्ध सदस्यहरूको निर्वाचक मण्डलद्वारा गरिनेछ।

(ख) प्रारम्भिक निर्वाचनबाट चुनिएका प्रतिनिधिसभाका समानुपातिक उम्मेद्वारहरूको बन्दसूची कायम गरिनेछ।

(ग) कानुनले तोकिएको लचकताभित्र बन्दसूचीलाई कडाइका साथ लागु गरिनेछ।

७. ५०-५५ जनाको सानो सदस्य संख्या भएको राष्ट्रिय सभाको गठन गरिनेछ। तिनको निर्वाचन पालिकाहरूका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष, तोकिएका जिल्लाका जनप्रतिनिधिहरू र प्रतिनिधिसभाका सदस्यहरूले एकल-संक्रमणीय निर्वाचन प्रणालीको आधारमा गर्नेछन्।

८. प्रत्यक्ष निर्वाचन प्रणाली : जिल्ला, पालिका र वडा तहको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणालीबाट गरिनेछ।

९. बैज्ञानिक आधारमा राष्ट्रिय आयोगहरूको संख्या घटाइनेछ।

### २. अर्थतन्त्रको सम्बन्धमा

१. वैज्ञानिक समाजवाद होइन, सामाजिक न्याय र राष्ट्रिय स्वावलम्वनमा आधारित सामाजिक पुँजीको निर्माण गरिने छ। राष्ट्रिय औद्योगिक पुँजी र कृषि, पर्यटन, सेवा आदि क्षेत्रका तथा लघु, साना तथा घरेलु उद्यम-ब्यवसायहरूबाट सृजना हुने साना पुँजीको योग नै सामाजिक पुँजी हो।

२. सार्वजनिक, सहकारी र निजी क्षेत्र रहेको मिश्रित चरित्रको अर्थतन्त्र निर्माण गरिनेछ।

३. प्रगतिशील भूमि-ब्यवस्था र भू-उपयोगको नीति लागू गरिनेछ।

४. कृषि क्षेत्रको विकास गर्न सहकारी खेती, कृषिको विविधीकरण र आधुनिकीकरण गरिनेछ।

५. सिंचाइको ब्यवस्थापन, मल उत्पादन र विउ-विजनको उत्पादनमा जोड दिइनेछ।

६. उत्पादन र वितरणमा जोड दिदै सहकारी आन्दोलनलाई अघि वढाइनेछ।

७. स्वतन्त्र अर्थतन्त्रलाई प्रबर्द्धन गर्नको निम्ति FDI *(Foreign Direct Investment*/प्रत्यक्ष विदेशी लगानी) पनि आमन्त्रण गरिनेछ।

८. कोविड-१९ को महामारीबाट अर्थतन्त्रमा भएको क्षतिलाई सम्बोधन गर्ने विशेष योजना लागु गरिनेछ।

९. गरीवी निवारणको वैज्ञानिक कार्यक्रम प्राथमिकताका साथ लागु गरिनेछ।

१०. सामाजिक न्याय र राष्ट्रिय स्वावलम्बन बढाउने उद्देश्यका साथ अर्थतन्त्रको निर्माण गरिनेछ।

### ३. समृद्धि बढाउने उपायहरू

१. प्रत्यक्ष समृद्धि निर्माणको निम्ति क्षेत्रगत रुपमा कृषि, उर्जा, पर्यटन, औद्योगिक उत्पादन र पूर्वाधार निर्माणलाई प्राथमिकताको क्रममा राखिनेछ।

२. प्रस्तावित राजनैतिक सुधार गर्दै मीतव्ययी बजेट बनाइने छ। हाल राजश्वको १२६% रहेको साधारण खर्चलाई वार्षिक बजेटको ६०% मा झारिनेछ र पुँजीगत खर्चलाई ४० % सम्म बढाइनेछ।

३. बेरुजु रहेको १२ खर्व र भ्रष्टाचार भएको अकुत सम्पतिलाई अभियानको रुपमा छानवीन तथा असुलउपर गरिनेछ।

४. हाल स्थानीय तहका चर्को करलाई ब्यापक रुपमा कटौती गरिनेछ र अनियमितता र भ्रष्टाचारलाई कठोरता पूर्वक नियन्त्रण गरिनेछ।

५. देश विकासमा बाधक बन्ने संवैधानिक र कानुनी प्रावधानहरू ब्यापकरुपमा परिवर्तन गरिनेछ।

६. संघर्षद्वारा प्राप्त उपलब्धीहरूलाई लागु गर्न जोड दिइनेछ, थप अधिकार निम्तिको अधैर्यलाई नियन्त्रण गरिनेछ।

### ४. सङ्घीयताबारे

१. हाल कायम गरिएको सङ्घीय संरचना देशको अर्थतन्त्रले धान्न नसकिने देखिएकोले यसलाई परिमार्जन गरिनेछ। यसमा रहेको प्रदेश तहलाई खारेज गरिने छ, जिल्ला तहलाई कार्यकारी बनाइने छ र पालिका तहमा आवश्यक परिमार्जन गरिने छ। यस प्रकार देशमा आधारभूत सङ्घीय प्रणाली कायम गरिने छ।

२. पालिका सरकारहरूलाई संविधान प्रदत्त अधिकारहरू कार्यान्वयन गर्न दक्ष र अनुशासित बनाइने छ।

### ५. धर्म र संस्कृतिको सम्बन्धमा

१. धर्म निरपेक्षताको खारेजी गरिने छ। राज्यलाई धर्म-सहिष्णु घोषणा गरिने छ। भ्रम, भय र प्रलोभनको आधारमा गरिने धर्मान्तरणलाई दुरुत्साहित गरिने छ।

२. बिभिन्न सँस्कृतिको मेलबाट बनेको सनातनी नेपाली सँस्कृतिको पक्षपोषण र सम्वर्द्धन गरिनेछ।

### ६. जातीय पहिचान तथा समानता

१. पहिचान भनेको जाति (Ethnicity) को पहिचान हो। प्रत्येक जाती समुदायका आफ्नो भाषा, धर्म, सँस्कृति र संस्कार हुन्छन्। तिनको संस्थागत राष्ट्रिय स्वीकृति र सम्मानको निम्ति नै जातीय पहिचानको आवश्यकता बोध गरिएको हो। अतः नेपालमा बसोबास गर्ने सबै जातिहरूको पहिचानलाई देशको कानुन र संविधानमा संस्थागत गरिनेछ।

२. स्वतन्त्र आधुनिक नेपालको एकीकरणको समयदेखि यस मुलुकमा बसोवास गर्ने सबै जातीय समुदायहरू यहाँका आदिवासी (*Indegenous*) हुन्। यस निर्धारणले यिनीहरूमध्ये कुन कुन जाती नेपालको भूभागमा पहिले र कुन कुन जाती त्यसपछि आएर बसोवास गर्न थालेका थिए भन्ने ऐतिहासिक तथ्यको अध्ययन, अनुसन्धान र वर्गीकरण गर्ने कामलाई अमान्य गर्ने छैन।

३. संविधानमा संस्थागत गरिएका समानता र समावेशीकरणका प्रावधानलाई तदारुकताका साथ लागु गरिनेछ। रहल कामको निम्ति प्रयत्न जारी राखिने छ।

### ७. राष्ट्रिय हितको संरक्षण तथा प्रबर्द्धनको सम्बन्धमा

१. भारतद्वारा कब्जा गरिएको नेपालको ब्यास क्षेत्र (लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र) माथि वार्ता र राजनीतिक प्रयत्नद्वारा नेपालको राष्ट्रिय सार्वभौमसत्ता कायम गरिने छ।

२. भारतीय पक्षबाट सीमास्तम्भहरू भत्काउने, हटाउने र सार्ने अतिक्रमणकारी कार्यलाई अन्त्य गरिनेछ।

३.अन्तर्राष्ट्रिय नियमहरूलाई उल्लंघन गर्दै भारतीय पक्षबाट दशगजा क्षेत्रमा भइरहेको संरचना निर्माण कार्यलाई बन्द गरिनेछ। सुस्ता लगायत नेपालका बिभिन्न सिमा-स्थलमा भइरहेको भारतीय अतिक्रमण बन्द गरिनेछ।

४. असमान सन्धी-सम्झौताहरूलाई शीघ्र अन्त्य गर्न प्रभावकारी कदम चालिनेछ।

५. नेपाल-भारतवीच रहेको खुला सीमानालाई प्रभावकारी ढंगले नियामन गरिनेछ।

६. पूर्वाधारको विकास, वैदेशिक पारवहन तथा यातायातको विविधीकरण, जनजीविकामा सुधार र देशमा समृद्धिको निर्माण गर्दै राष्ट्रियताको सम्बर्द्धन गरिनेछ।

### ८. नागरिकता सम्बन्धी बिषय

१. नागरिकता वितरणमा भएका धाँधलीहरूलाई जाँचबुझ गरी अवैधानिक तथा फर्जी नागरिकता प्रमाणपत्रहरूलाई खारेज गर्न अधिकारसम्पन्न उच्चस्तरीय न्यायिक नागरिकता छानविन आयोग गठन गरिनेछ!

२. बैवाहिक आधारमा विदेशी महिलाहरूले लिन सक्ने अंगीकृत नागरिकता बिवाह गरी कम्तीमा सातवर्ष नेपालमा बसोबास गरेपछि मात्र प्रदान गरिने वैधानिक व्यवस्था गरिनेछ!

३. नेपाली पुरुषसँग बिबाह गरी नेपालमा बसोवास गर्ने बिदेशी महिलाले अंगीकृत नागरिकता लिनु अघि राजनीतिक बाहेक अन्य अधिकार उपभोग गर्न दिने "स्थायी बसोबास"को प्रमाणपत्र उनले तत्काल पाउने वैधानिक ब्यवस्था गरिनेछ!

४. सामान्यतया नागरिकता प्रमाणपत्रमा आमा र बावु दुवैको नाम उल्लेखित गरिनेछ।

५.नागरिकता प्रमाणपत्रमा बावु वा आमाको मात्र नाम लेख्ने इच्छा वा आवश्यकता भएको खण्डमा कार्यालयीय अभिलेखमा अर्को पक्षको पहिचानबारे आधिकारिक घोषणा गर्ने ब्यवस्था गरिने छ। नागरिकता लिंदाका बखत आमा वा बावुमध्ये कुनै एकजना विदेशी नागरिक भए विदेशको नागरिकता नलिएको र नेपालमा स्थायी बसोवास भएको वालिग सन्तानले अंगीकृत नागरिकता पाउने कानुनी ब्यवस्था गरिने छ।

६. कडा नागरिकता नीति अवलम्बन गरिने छ।

७. नेपालमा जन्मसिद्ध नागरिकता प्राप्त गर्ने आधार बर्ष (Cut off Year) चैत मसान्त २०४६ साल (१४ अप्रेल, १९९०) लाई बनाइसकिएको अवस्थामा १९९० को अप्रिल १४ अघि भारतमा जन्मी त्यही बसोवास गर्ने नेपालीभाषी ब्यक्तिले भारत सरकार समक्ष नागरिकता पाउन गरिने मागलाई 'पारस्पारिकताको सिद्धान्तको आधारमा' समर्थन गरिनेछ।

### ९. विधिको शासन कायम गर्ने

१. किशोरी निर्मला पन्तका बलात्कारी र हत्याका दोषीहरू लगायत सबै खाले अपराधीहरूलाई अविलम्व कानुनको दायरामा ल्याइनेछ।

२. कानुन निर्माण गर्दा संविधानका मर्म तथा भावना र सरोकारवाला पक्षहरूको भावनाको सम्मान गरिनेछ।

३. वार्ताद्वारा देशमा विद्यमान द्वन्दहरूको समाधान खोजिनेछ। अतिवादी र विखण्डनकारी प्रवृत्तिलाई हतोत्साहन गरिनेछ।

### १०. शक्ति केन्द्रीकरण र सर्वसत्तावादी रवैयाको विरोध

१. अधिकार केन्द्रीकरणको प्रबृत्तिलाई दुरुत्साहित गरिनेछ।

२. बिभिन्न बहानामा प्रेस स्वतन्त्रता कुण्ठित गर्ने कानुनी ब्यवस्था र सरकारी रवैयाको बिरोध गरिनेछ।

३. जनताले प्राप्त गरेका अधिकारहरूलाई कानुनद्वारा खोस्ने सरकारी प्रवृत्तिको कडा विरोध गरिनेछ।

४. सरकारको कार्यशैलीमा प्रदर्शित सर्वसत्तावादी रवैयाको विरोध गरिनेछ।

### ११. भ्रष्टाचारको बिरोध

१. वाइडवडी जहाज खरिदमा भएको भ्रष्टाचारको शीघ्र अनुसन्धान गरी दोषीमाथि कडा कानुनी कार्वाही गरिनेछ।

२. एन.सेल. कम्पनिको लाभकर छल्ने भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गरिनेछ।

३. काठमाडौंको ललिता निवासको जग्गा, ओम्नी कम्पनीबाट औषधी खरिद प्रकरण, यति कम्पनिलाई जग्गा लिजमा दिने प्रकरण, सुरक्षण प्रेस खरिदमा कमिशन प्रकरण, जनकपुरका गुठी जग्गा, पोखरा फेवातालका जग्गा लगायत सार्वजनिक जग्गाको अवैधानिक खरिद-बिक्रीका दोषीलाई दण्डित गरिनेछ। देशव्यापी रुपमा सार्वजनिक जग्गाको उद्धार गरिनेछ।

४. स्थानीय तह र विभिन्न कार्यालयहरूमा व्यापकरूपमा भैरहेका भ्रष्टाचारलाई कडाइका साथ रोकिनेछ।

५. समाजका सवै क्षेत्रमा व्याप्त भएको अवैधानिक बिचौलियागिरी र लुटतन्त्रको कडाइका साथ अन्त्य गरिनेछ।

६. ठेक्कापट्टामा कुत उठाउने कार्यको अन्त्य गरिनेछ र दोषीहरूमाथि कडा कार्वाही गरिनेछ।

### १२. पर्यावरण विनाश कार्यको अन्त्य गर्ने

१. पर्यावरण र पारिस्थितिकीय प्रणालीको संरक्षण गरिनेछ।

२. चुरे-क्षेत्रमा भइरहेका जथाभावी ढुंगा-गिट्टी-बालुवाको दोहन र रुख-विरुवा कटानीको अन्त्य गरिनेछ।

३. तराई र पहाडी क्षेत्रमा वातावरणीय प्रभावको मूल्याङ् कनबिना गरिने बगर र नदी उत्खनन्लाई अविलम्व रोकिनेछ।

४. चुरे-क्षेत्रमा गरिने नयाँ आवादी र बस्ती तथा शहर बसाउने कार्यलाई तत्काल बन्द गरिनेछ। पुराना भूमिहीन वासिन्दाहरूलाई पुनर्वासको विकल्प दिइनेछ।

५. पूर्वाधार निर्माण गरिदा पर्यावरण, वन्यजन्तुको वासस्थान तथा मार्ग र जैविक विविधताको संरक्षण गरिनेछ।

६. बन-जंगलमा लाग्ने डढेलोलाई प्रभावकारी ढंगले नियन्त्रण गरिनेछ।

७. असुरक्षित वस्तीको वैज्ञानिक ढंगले पुर्नव्यवस्थापन गरिने छ।

८. पहाडी क्षेत्रमा योजनाहीन ढंगले गरिने तोडफोड र डोजर, स्काभेटर आदिको प्रयोगलाई प्रतिवन्ध गरिने छ।

९.भिरालो जग्गामा बोट-विरुवा र फलफूलका रुख लगाइनेछ; खनजोत कार्यलाई दुरुत्साहित गरिने छ।

### १३. सम्पदा र जैविक विविधताको संरक्षण

१. मानव सभ्यताका सम्पदालाई संरक्षण गर्ने जनचेतना अभिवृद्धि गरिनेछ।

२. सम्पदा विनास गर्ने कार्यलाई दण्डनीय बनाइने छ।

३. विनास हुन लागेका सम्पदाहरूको जिर्णोद्वार तथा संरक्षण गरिने छ।

४. जैविक विविधताको रक्षाको निम्ति देशका सिमसार क्षेत्रहरूको संरक्षण गरिने छ।

५. बन विनासलाई रोक्न वृक्षारोपण तथा वृक्ष-संरक्षणको राष्ट्रिय अभियान संचालन गरिने छ।

६. बन्य जन्तुको निम्ति पर्याप्त पानी, आहार तथा वासस्थानको व्यबस्था गरिनेछ र जैविक-मार्गको संरक्षण गरिनेछ।

७. वन्य-जन्तुबाट मानव बस्तीको सुरक्षाको विवेकपूर्ण व्यवस्था गरिनेछ।

८. घरेलु पशु-पंक्षीमाथि हुने निर्दयी ब्यवहार अन्त्य गरिनेछ।

### १४. शिक्षा क्षेत्र

शिक्षामा सरकारी लगानी बृद्धि गर्दै र सरकारको यथोचित भूमिकासहित सामुदायिक शिक्षालाई प्राथमिकता दिइनेछ।

२. आधारभूत शिक्षा (निम्न माध्यामिक ८ कक्षासम्म) लाई अनिवार्य तथा निशुल्क बनाइनेछ।

३. शिक्षामा निजी क्षेत्रलाई उत्साहित गरिने छैन। सरकारी र सामुदायिक शिक्षालाई गुणस्तरीय र प्रतिष्पर्द्धी बनाइनेछ।

४. निजी क्षेत्रले संचालन गर्ने विद्यालय र उच्च शिक्षा प्रतिष्ठानहरूको सरकारी तथा सामुदायिक नियामन तथा अनुगमनलाई बैज्ञानिक, ब्यवहारिक, नियमित र कडा बनाइनेछ।

५. पाठ्यक्रममा नैतिकता र देशभक्तिको बिषयलाई महत्वका साथ राखिनेछ।

६. ब्यवसायीकरण तथा औद्योगिकीकरण र पूर्वाधार निर्माणको आवश्यकता अनुसार शीपमूलक, ब्यवसायिक तथा प्राविधिक शिक्षालाई प्राथमिकता दिइनेछ। यसलाई जनसुलभ तथा गुणस्तरीय बनाइनेछ।

७. नेपाललाई गुणस्तरीय र ससुलभ शिक्षाको केन्द्र बनाइनेछ। उच्च शिक्षामा विशेषतः स्वास्थ्य शिक्षामा फस्टाएको माफियातन्त्रलाई हतोत्साहित गरिनेछ।

८. निरक्षरता उन्मूलन गर्ने विशिष्ट अभियान संचालन गरिनेछ।

९. नेपाली भाषाको अलावा देशका अन्य राष्ट्रिय भाषाहरूको अध्ययन र ती भाषाको माध्यमबाट दिइने शिक्षाको ब्यवस्था गरिनेछ।

१०. माध्यम भाषा नेपाली, विदेशी भाषा अँग्रेजी र बढी बोलिने एक स्थानीय राष्ट्रिय भाषा प्रयोग गर्ने त्रैभाषिक शिक्षा नीति अपनाइनेछ। देशको प्राचीन ज्ञान र इतिहास अध्ययन आदिको निम्ति संस्कृत भाषा अध्ययनको ब्यवस्था गरिनेछ।

### १५. स्वास्थ क्षेत्र

१. नेपाली आर्युवेदिक तथा परम्परागत चिकित्सा प्रणालिलाई उन्नत गरिनेछ।

२. अस्पतालमा एलोप्याथिक र आयुर्वेदिक परम्परागत विधिबाट गुणस्तरयुक्त स्वास्थ सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ। अकुपंचर, होमियोप्याथिक, युनानी लगायत अन्य विधिहरूबाट पनि स्वास्थ सेवाको व्यवस्थापन गरिनेछ।

३. सबै तहका अस्पताल र स्वास्थ केन्द्रहरूमा दक्ष स्वास्थकर्मी (चिकित्सक, नर्स आदि) हरूको ब्यवस्था गरिनेछ।

४. दुर्गम क्षेत्रमा काम गर्ने दक्ष स्वास्थकर्मीहरूको निम्ति आकर्षक तलब र प्रोत्साहनको व्यवस्था गरिनेछ।

५. अनिवार्य स्वास्थ विमाको ब्यवस्थित योजना लागू गरिनेछ। विपन्न नागरिकहरूलाई निशुल्क स्वास्थ विमाको सुविधा उपलब्ध गरिनेछ। देशमा जनसुलभ, सस्तो र गुणस्तरीय स्वास्थ-सेवाको संजाल खडा गरी जनतालाई स्वास्थसेवा प्रदान गरिनेछ।

६. सरुवा रोगहरू, बर्डफ्लु, स्वाइनफ्लु, एच१.एन्१, एच.आइ.भी/एड्स जस्ता घातक रोगहरू र सर्पदंश एवम् कुकुर टोकाइ जस्ता समस्याको सुलभ उपचारको ब्यवस्था गरिनेछ। मुटु, मृगौला, क्यानसर, क्षयरोग आदि घातक रोगहरूको सुलभ उपचारको ब्यवस्था गरिनेछ।

७. जनस्वास्थको अवस्था सुधार्ने चेतनामूलक शिक्षा र प्रचारका साथै सेवामूलक काम गरिनेछ।

८. निजी क्षेत्रमा सञ्चालित क्लिनिक, नर्सिङ होम, अस्पताल आदिको कडा नियमन गरिनेछ र स्वास्थ सेवामा निजी क्षेत्रलाई प्रोत्साहित गरिने छैन।

### १६. रोजगारी

१. कृषि, जडीबुटी, धार्मिक लगायत बिभिन्नखाले पर्यटन र सेवाक्षेत्रमा व्यापकरुपमा ब्यवसायको प्रवर्द्धन गरी र साना-मझौला उद्यमहरूलाई प्रोत्साहित गर्दै लाखौंको संख्यामा रोजगारी सृजना गरिनेछ।

२. योजनाबद्ध ढंगले राष्ट्रिय उद्योगहरू खोल्दै र पूर्वाधार-निर्माण कार्य बढाउँदै, कृषिको आधुनिकीकरण गर्दै, शिक्षा तथा स्वास्थसेवा क्षेत्रबाट विदेशी मुद्रा आर्जनको पक्ष समेत बढाउदै ठूलो संख्यामा थप रोजगारी बढाउन सकिनेछ।

३. कार्य सक्षम नेपाली महिला तथा पुरुषहरूलाई रोजगारीको निम्ति विदेश जान प्रोत्साहन गरिनेछैन। देशमै काम गर्ने, आर्जन गर्ने र राष्ट्रको विकासमा योगदान गर्ने वातावरण सृजना गरिनेछ।

४. श्रमबजारमा प्रवेश गर्न इच्छुक (महिला तथा पुरुष) जनशक्तिलाई आवश्यक पर्ने गुणस्तरीय विभिन्न खाले तालीम र शिक्षाको ब्यवस्था गरिने छ। कार्यसक्षम विपन्न व्यक्तिहरूलाई निशुल्क वा कमाएर तिर्ने छात्रवृत्ति दिई आवश्यक ब्यवसायिक तथा प्राविधिक तालीम र शिक्षा दिइनेछ।

### १७. विदेश नीति संचालन

१. पञ्चशीलको सिद्धान्तमा आधारित असंलग्न तथा तटस्थ परराष्ट्र नीति अवलम्वन गरिनेछ। दुवै छिमेकी देशहरू-भारत तथा चीन र विश्वशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकासँग समसामिप्यता र राष्ट्रिय हितको आधारमा सन्तुलित विदेश नीति अपनाइनेछ।

२. चीन तथा भारतका सुरक्षा सम्वेदनशीलताहरूको सम्मान गरिनेछ, दुवैका जायज सुरक्षा-हितहरूप्रति ध्यान दिइनेछ। दुवै छिमेकी देशका विरुद्ध नेपाली भूमि प्रयोग हुन दिइनेछैन।

३. एक चीन नीतिलाई पूर्ण सम्मान गरिनेछ। चीनको विरुद्ध कथित "स्वतन्त्र तिब्बत"को निम्ति नेपालबाट कुनै काम हुने छैनन् भनी सुनिश्चित गरिन्छ।

४. ब्यापार तथा पारवहनमा दक्षिणी छिमेकी भारतबाट प्राप्त अधिकार र सुविधाहरूलाई सदुपयोग गर्दै तिनमा आवश्यकताअनुसार बृद्धि गरिनेछ। *BRI* महापरियोजना अन्तर्गत नेपालको राष्ट्रिय हितलाई प्रवर्द्धन गर्ने परियोजना यथाशीघ्र कार्यान्वयन गरिनेछ।

५. नेपाल-चीन बीच हस्ताक्षर सम्पन्न ब्यापार-पारवहन सम्झौताको प्रोटोकललाई शीघ्र कार्यान्वयन गरिनेछ।

६. विश्व तथा दक्षिण एशियामा बढ्दो द्वन्द र नेपालको सार्वभौम सत्ता र राष्ट्रिय स्वतन्त्रतामा बढ्दो चुनौतिको परिप्रेक्ष्यमा नेपाललाई शान्ति क्षेत्र बनाउने प्रस्ताव अघि बढाइनेछ।

७. परियोजनाहरू निर्माण गर्दा देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भूअखण्डता, एकता र सुरक्षालाई मध्यनजरमा राख्ने रणनीतिक सोंचलाई पनि आधार बनाइनेछ।

### १८. आचार संहिताबारे

१. कम्युनिष्ट, वामपंथी, प्रजातन्त्रवादी तथा राष्ट्रवादी राजनीतिक धाराका देशभक्त पक्षलाई लिएर उपयुक्त नामको राजनीतिक गठबन्धन निर्माण गरिनेछ। त्यसको गठन साझा कार्यसूचीको आधारमा र राजनीतिक संयुक्त संघर्ष विकास-क्रममा गरिनेछ।

२. गठबन्धनद्वारा संचालित संयुक्त कार्यक्रमहरूमा घटक पार्टीहरूले कडाइका साथ सहमतिको पालन गर्नेछन्। घटक पार्टीले संचालन गर्ने आफ्ना गतिविधिमा मात्र त्यसले आफ्ना बिचार तथा नीतिका आधारमा कामगर्न सक्नेछ।

३. गठबन्धनको घटक राजनीतिक पार्टीले साझा कार्यसूचीभित्र रही काम गर्दा त्यसमाथि हुनसक्ने सरकारी दमन कार्यलाई संयुक्त रूपमा प्रतिकार गर्नु घटक पार्टीहरूको साझा दायित्व हुनेछ।

४. सवै पक्ष समान र साझा कार्यसूचीमा सहमत भएको हुँदा गठबन्धनले कसैप्रति पनि निषेधको व्यवहार गर्नेछैन।

५. गठबन्धन बीच उत्पन्न मतभिन्नतालाई सार्वजनिक गरिने छैन, आन्तरिक छलफलबाट समाधान गरिनेछ।

६. गठबन्धनको कुनै पनि सदस्यको तेजोबोध हुने अभिव्यक्ति वा काम यसको कुनै पनि पक्षबाट हुने वा गरिने छैन।

७. साझा कार्यसूचीका परिधिभित्र रही कुनै पनि राजनीतिक पार्टीसँग सहकार्यको निम्ति छलफल चलाउन सकिनेछ।

८. अन्य कुनै राजनीतिक पार्टी गठबन्धनको कार्यसूचीमा सहमत भई यसमा सामेल हुन चाहेमा गठबन्धनको पूर्ण बैठकले निर्णय गरेअनुसार हुने छ।

९. राज्यका महत्वपूर्ण राजनीतिक, आर्थिक, सामाजिक मुद्दालाई छोडेर एकल जातीय, क्षेत्रीय, लिङ्गीय र धार्मिक उद्देश्य बोक्ने संगठनलाई गठबन्धनमा सामेल गरिने छैन।

१०. राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, आर्थिक विकास र राष्ट्रिय एकता जस्ता कुरामा गठबन्धनका सबै दल साझा कार्यसूची अनुसार समान विचार राख्तछन्। साथै, सवैले देशको स्वाधिनता, समानता, सार्वभौमिकता, अखण्डता र एकताको पक्षमा बोल्ने तथा काम गर्ने छन्।

११. आवश्यक परेको खण्डमा गठबन्धनले वर्तमान सहमत कार्यसूचीलाई साझा निर्णयद्वारा थपघट गर्न सक्नेछ।

१२. निर्माण गरिने गठबन्धन राजनीतिक गठबन्धन भएकोले तत्काल साझा कार्यसूची कार्यान्वयनको निम्ति अघि बढ्ने छ। यसको निम्ति राजनीतिक संघर्षको बाटो अवलम्बन गरिने छ।

१३.गठबन्धनका कार्यसूचीहरू जनता तथा राष्ट्रका हितप्रति समर्पित छन्। यसको उद्देश्य राष्ट्रिय एकता निर्माण गर्दै देशभक्त कम्युनिष्ट, वामपंथी, प्रजातन्त्रवादी तथा राष्ट्रवादी शक्तिहरू सम्मिलित देशभक्त प्रगतिशील लोकतान्त्रिक वैकल्पिक शक्ति तथा त्यसको सरकार गठन गरी साझा कार्यसूचीलाई लागु गर्नु हुनेछ।

# Secret of the KPA's Mightiness

A few years ago Internet websites carried a scene, which surprised the world people.

The Korean People's Army soldiers were rushing tothesea to send off their Supreme Commander Kim Jong Unon his way back after inspecting their unit defending a far-flung island. Oblivious of the fact thattheir waistswere immersed in the cold seawater, they were shedding tears whilewaving their hands. Many people were shocked at the sight,an acme of bursts of emotion that could be seen nowhere else in the world.

The island is situated at the hottest spot in the Democratic People's Republic of Korea, where fierce artillery firing was once exchanged with the enemy. So his entourage had dissuaded him from going there. However,Kim Jong Undug in his heels, saying that his beloved soldiers were there, and got aboard a small wooden vessel. And on the island,he took meticulous care of the diet, bedding and cultural life of the soldiers. He also instructed the unit's commanding officers to look after the soldiers as they would do their own brothers, and posed for a photo with them.

He has visited various army units, even the post in Panmunjom on the Military Demarcation Line where the opposing



forces are levelling their guns at each other. He oftensaid: The officers and men are my precious comrades-in-arms;what I believe in is not the modern military hardware, like guns or rockets, but the soldiers; the Supreme Commander, as well as the officers, exists for them.

The relations between the service personnel and their Supreme Commander has been establishedby dint of love and trust and consolidated by dint ofmoral excellence and tender feelings.

That's why the soldiers did not hesitate to jump into cold seawater to see off their Supreme Commander.

There will be no yardstick with which to estimate the might of the KPA, in which the Supreme Commander and the service personnel have formed an integral whole.

So far the hostile forces have worked out many war plans against the KPA and conducted various computer simulations. But, the results were always pessimistic for them.

Had it been possible for themto input the data on the strength of the integral whole







between the Supreme Commander and the service personnel as well as the powerful armament of the KPA, the results would have been worse.

## नेपाल दक्षिण...

अंकसहित ८७ औं स्थानमा पुग्न सफल भएको हो । सन् २०१७ मा नेपाल १०१ स्थानमा थियो । त्यसपछि लगातार नेपालले आफ्नो स्तरलाई माथि उठाउँदै आएको छ । कोरोनाको त्रास र राजनीतिक अस्थिरताले उत्पन्न निराशाबीच पनि गत वर्षको तुलनामा पाँच स्थान माथि उक्लेर सुधारको अवस्थामा आएको हो ।

सन् २०१९ मा एक सयौं स्थानमा आएको नेपाल २०20 मा ९२ औं स्थानमा थियो । यसपटक पाँच स्थान माथि उक्लिएर नेपाल दक्षिण एसियाकै खुसी देश बनेको हो । सन् २०१९ मा नेपाल, भुटान र पाकिस्तानपछि तेस्रो खुसी हुने देश बनेको थियो । यसपटक दक्षिण एसियामा नेपालपछि माल्दिभ्स ८९, बंगलादेश एकसय एक, पाकिस्तान एक सय पाँच, श्रीलंका एकसय २९ स्थानमा छन् । यसपटक छिमेकी मुलुकहरू चीन ८४ र भारत एक सय ३९ औं स्थानमा छन् । सबैभन्दा खराब अवस्था अफगानिस्तानको छ, जो जिम्बाब्वे र रुवान्डाभन्दा पनि तल रहेको छ । अफगानिस्तान १ सय ४९ औं स्थानमा छ ।

## काबु बाहिर...

भने अहिले १ लाख १७ हजार क्षयरोगका बिरामी छन् । नेपालमा वार्षिक १७ हजार क्षयरोगका बिरामीको मृत्यु हुने गरेको केन्द्रले जनाएको छ । क्षयरोग माइक्रोब्याक्टेरियन ट्युबरक्लोसिस नामक सूक्ष्म किटाणुबाट श्वासप्रश्वासको माध्यमबाट सर्ने गर्छ । क्षयरोग ६ महिनासम्म नियमित औषधि खाए पूर्ण रुपमा निको हुन्छ ।

हाल नेपालमा सरकारले चार हजार नौ सय ५५ हजार केन्द्रहरूबाट डट्स उपचार सेवा तथा सात सय ६५ प्रयोगशाला र ७२ वटा जीनएक्सपर्ट केन्द्र एवं दुईवटा राष्ट्रिय प्रेषण प्रयोगशालाहरूबाट क्षयरोग उपचार हुँदै आएको छ । हरेक वर्षको २४ मार्चमा विश्व क्षयरोग दिवस मनाइने गरिन्छ ।

## एमालेमा...

खाइरहेका छन् । मनमोहन अधिकारीले वृद्धवृद्धाहरूलाई प्रदान गरेको मासिक सय रुपैयाँ नै एमाले नेताहरूको चुनाव जित्ने आधार बनेको छ । यसलाई बढाउँदै तीन हजार पुऱ्याइएको छ । आगामी बजेटमा अरु एक हजार थप्ने र अर्को सालको बजेटमा पुनः एक हजार वृद्धि गरेर ५ हजार पुऱ्याई दुई वर्षपछि आमनिर्वाचनमा जाने एमालेको योजना छ । मदन भण्डारी र मनमोहन अधिकारीको अवसानपछि एमालेमा निम्न पुँजीवादी मनोग्रन्थी भएका नेताहरू हावी भए । जनजीविका र वर्गउत्थानका ठूलठूला गफ हाँक्ने एमालेहरू आफ्नै निजी जीवन उकास्ने ध्याउन्नमा जुटे । चप्पल पृष्ठभूमिका नेताहरूको जीवनशैली फेरिन थाल्यो । विचारको बहस हुन छाड्यो । तत्कालको पदीय लाभहानि नेतृत्वको मुख्य सरोकारको विषय भएको छ ।

पहिले वैचारिक आवरणमा गुटहरू हुने गर्थे अहिले नेता केन्द्रित गुटहरू बनेका छन् । एमालेको प्राथमिकतामा श्रमिक वर्ग होइन, दलाल पुँजीवादका पृष्ठपोषकहरू पर्ने गरेका छन् । एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीका आर्थिक सल्लाहकार मोतीलाल दुगड हुनुले यसको पुष्टि गर्छ । बिचौलियाको पहुँच नेतृत्वको शयनकक्षसम्मै छ । मुद्दाहरूमा चलखेल गर्ने एनजीओ ⁄ आइएनजीओमा एमालेको विशेष रुचि छ । सारमा एमालेको बुर्जुवाकरण भइसकेको छ ।

दशवर्षे हिंसात्मक द्वन्द्वबाट शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धामा आएको माओवादीसँग एमालेले ०७५ जेठ ३ गते एकता कायम गऱ्यो । पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी राखियो । दुई पार्टी एकता हुँदा केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डबीच पाँचबुँदे लिखित सहमति भयो । जसको चौथो बुँदामा सरकारको नेतृत्व आधा आधा समय गर्ने भन्ने थियो । तर प्रधानमन्त्री ओलीले सो सहमतिको पालना गरेनन् । दाहाल र ओलीबीच यहीँबाट टकराव सुरु भयो । दाहाललाई पार्टीको कार्यकारी अध्यक्षको जिम्मेवारी दिएर आफूले पाँच वर्ष सरकारको नेतृत्व गर्ने ओलीले प्रस्ताव अघि बढाए । दाहाल यसलाई स्वीकार्दै ओलीलाई पूरै कार्यकाल प्रधानमन्त्री चलाउन दिन सहमत भए । तर ओलीले न त कार्यकारी अधिकार नै दाहाललाई उपयोग गर्न दिए न त सरकारको नेतृत्व नै हस्तान्तरण गरे । ओली पार्टीका बैठकहरूमा उपस्थित समेत हुन छोडे । यसले ओली र दाहालबीच विश्वासको संकट झनै गहिरियो । ओलीले मन्त्री राजदूत लगायत अन्य राजनीतिक नियुक्तिमा आफूलाई बेवास्ता गरेको भन्दै माधव नेपाल, झलनाथ खनाल र वामदेवहरू ओलीलाई प्रधानमन्त्रीबाटै हटाउने खेलमा लागे ।

पूर्वमाओवादी समूह र नेपाल खनाल समूह संयुक्त भएर ओली हटाउ खेल खेल्न थालेपछि अन्ततः ओलीले संसद अधिवेशन नै स्थगित गरिदिए । आपसी मेलमिलापको वातावरण बन्न सकेन । यो विचार र सिद्धान्तको लडाइँ थिएन । लडाइँ थियो पद, प्रतिष्ठा र सत्ताको । नेकपाभित्र सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटीमा मात्र होइन संसदीय दलमा समेत अल्पमतमा परेपछि ओलीले गत पुस ५ गते प्रतिनिधिसभा नै विघटन गरिदिए ।

सर्वोच्चले प्रतिनिधिसभा विघटन बदर गरेपछि एक आपसमा लड्डु खुवाएर खुसियाली मनाएका नेपाल खनाल र दाहालहरू त्यसबेला आत्तिए जब सर्वोच्चकै अर्को फैसलाले नेकपा खारेज गर्दै एमाले र माओवादी केन्द्रलाई पूर्ववत् अवस्थामा फर्काइदियो । ओलीले एमाले र सूर्यचिन्ह दुवै पाएपछि नेपाल खनाल समूहलाई भित्तामा धकेल्न सुरु गरे । केन्द्रीय कमिटीको नाममा विधान संशोधन गरी नेतृत्वको ७० वर्षे प्रावधान हटाए भने नेपाल खनाल समूहका नेताहरूको जिम्मेवारी खोसे । यसलाई सच्याउन नेपाल खनाल समूहले आग्रह गरे पनि ओली अहिलेसम्म तयार देखिएका छैनन् । बरु ओली समूहले नेपाललगायत चार नेतालाई स्पष्टीकरण माग्दै कारबाहीको संकेत गरेको छ ।

०६३ सालको आन्दोलनमा छड्के किनाराका साक्षी बसेका ओली अहिले प्रभावशाली नेताका रुपमा देखिएका छन् । उनका सामु नेपाल खनालहरू फिक्का बन्दैछन् । स्पष्टीकरण चित्तबुझ्दो नभए खनाल नेपालहरूलाई पार्टीबाटै आउट गर्ने मनस्थितिमा ओली देखिएका छन् । यसले एमाले विभाजनको नजिक पुगेको अनुमान गर्न सकिन्छ । ओली अझै दुई वर्ष सत्ताको नेतृत्व गर्ने मुडमै छन् । उनलाई १३८ सांसदको आवश्यकता छ । खनाल नेपाल समूहले साथ दिनेमा ओलीलाई शंकै छ । त्यही भएर उनले जनता समाजवादी पार्टीको समर्थन खोजिरहेका छन् । समानुपातिक सांसद फेरबदल गर्ने अधिकार पाएका एमाले अध्यक्ष ओलीले नेपाल समूहका २० समानुपातिक सांसद हटाएर आफू पक्षधर ल्याउने र जसपालाई लिएर सरकार चलाउने तयारी गरिरहेका छन् । यता खनाल नेपाल समूह भने समानान्तर कमिटी बनाएर ओलीलाई चुनौती दिन खोजिरहेका छन् । तर ओली गल्नेवाला देखिँदैनन् ।

## बिउमा पनि...

भइरहेको छ । बिउबिजन गुणस्तर नियन्त्रण केन्द्रका अनुसार पाँच वर्षको अवधिमा ११ अर्ब ४५ करोड रुपैयाँको बिउ आयात भएको छ । केन्द्रको तथ्यांकमा वर्षमा १ अर्बको बिउ आयात भएको पाइए पनि खुला सिमानाका कारण साइकल, मोटरसाइकल र ट्याक्टरमा समेत बिउ आयात हुने गरेको छ । प्रायः मकै, धान र तरकारीको हाइब्रेड बिउ आयात हुन्छ । बिउ मुख्यतया भारत लगायत चीन, थाइल्यान्ड, जापान, कोरिया लगायत मुलुकबाट आयात भइरहेको छ । केन्द्रका अनुसार बिउ आयात गर्न ४० कम्पनी केन्द्रमा दर्ता छन् । किसानले स्थानीयभन्दा हाइब्रेड बिउको प्रयोग धेरै गर्ने भएकाले वर्षेनि बिउको आयात बढ्दै गएको हो । स्वदेशमा उन्नत बिउ उत्पादन गर्न प्राविधिक ज्ञान र सीपको कमीले बाहिरबाट उन्नत बिउ आयात हुने गरेको छ ।

## होली...

प्रशासनले चाहिँ राती ११ बजेदेखि रात्रिकालिन व्यवसाय संचालनमा रोक लगाउने निर्णय गरेको छ । सार्वजनिक स्थानमा आवतजावत गर्दा मास्क प्रयोग नगर्ने र स्वास्थ्यका मापदण्ड पूरा नगर्ने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही गरिने पनि उनले बताए । काठमाडौं उपत्यकामा वृद्धि भइरहेको संक्रमणको दरलाई न्यूनीकरण गर्न स्वास्थ्यका मापदण्डहरू अनिवार्य रूपमा पालना गर्ने, मास्क लगाउने, स्यानिटाइजर प्रयोग गर्ने, भौतिक दूरी कायम गरी आफ्नो दैनिक कार्य सञ्चालन गर्ने र समय-समयमा हात धुने कार्यलाई अनिवार्य पालना गर्न उनले अनुरोध गरेका छन् ।

## लोकसेवा...

वृन्दा हाडा भट्टराई, अशोकुमार झा, ब्रह्मदेव राय, कृष्णचन्द्र झाको ६ वर्षे पदावधि सकिएपछि उनीहरूको बिदाइ गरिएको छ । आयोग पदाधिकारीविहीन हुँदा निजामती प्रशासन सञ्चालनमै गम्भीर असर पर्ने अवस्था सिर्जना भएको छ । तत्काल बढुवाको सबै प्रक्रिया रोकिनेछ भने परीक्षाहरू रोकिने र नतिजा प्रकाशित गर्ने काम पनि रोकिनेछ ।

२०७१ चैत ११ मा अध्यक्ष मैनालीसहित ७ जना पदाधिकारीको नियुक्ति भएको थियो । दुई जना यसअघि नै उमेर हदको कारण अवकाश भइसकेका छन् । नेपालको संविधान २०७२ ले सबै संवैधानिक निकायमा पाँचजना पदाधिकारीको व्यवस्था गरेको छ । आयोग रिक्त भएसँगै आयोगको सूचना, विज्ञापन, लिखित नतिजा प्रकाशन, अन्तर्वार्ता, सिफारिस, बढुवा लगायतका काम ठप्प हुने भएका छन् । आयोगले निजमतीका साथै ११९ संगठित संस्थाको कर्मचारी नियुक्ति प्रक्रियामा काम गर्दै आएको छ ।

आयोगको क्षेत्राधिकार विस्तारपछि संगठित संस्थामा आवेदन दिनेको संख्या समेत बढ्न थालेको छ । ती संस्थामा समेत निजामती सेवामा जस्तै योग्य कर्मचारी स्वच्छ र निष्पक्ष रुपमा सिफारिस गर्ने आयोगको प्रतिबद्धता छ ।

## चीनले...

काम सकिएको छ । मुआब्जा वितरण प्रक्रियापछि अब काम सुरु गर्न सकिने अवस्था रहेको छ । नेपालले चीनलाई काम सुरु गर्न सकिने अवस्था रहेको भन्दै पत्राचारसमेत गरिसकेको छ । ११.६ किलोमिटर सडक खण्ड चीन सरकारले आठ लेनमा विस्तार गर्नेछ । विस्तारका लागि यसअघि नै सहमति भइसकेको छ । मुआब्जालगायत पूर्वतयारी सम्पन्नपछि मात्र काम सुरु गर्ने चिनियाँ पक्षले जनाए पनि नेपालले विद्युत्, ढल व्यवस्थापनलगायत 'साइट क्लिअर' कार्य अघि बढाएको थियो । अब मुआब्जा वितरणसँगै पूर्वतयारीका सबै काम सकिने भएको छ । सडक विभागले चिनियाँ पक्षले काम थाले कुनै पनि साइटमा अवरोध उत्पन्न नहुने प्रस्ट पारिसकेको छ । विभागका अनुसार गोंगबु अकासेपुल र अस्थायी संरचना हटाइसकिएको छ । २७.२ किमि लम्बाइको चक्रपथ विस्तारपछि चौडाइ १५ मिटरबाट बढाएर ५० मिटर हुनेछ ।

## ६० प्रतिशत...

०७७ ⁄ ७८ को फागुन महिनासम्ममा चालूतर्फ ४ खर्ब ५५ अर्ब रुपैयाँ खर्च भएको छ । जुन वार्षिक बजेटको तुलनामा ४८ दशलमव १८ प्रतिशत हो । त्यस्तै पुँजीगततर्फ ७९ अर्ब ८७ करोड रुपैयाँ खर्च भएको छ । जुन वार्षिक बजेटको तुलनामा २२ दशमलब ४४ प्रतिशत हो ।

## फेरि कोरोनाको...

मुख्य नाकाबाहेक अन्य क्षेत्रबाट प्रवेश गर्न सक्ने सम्भावित स्थानमा समेत सुरक्षा व्यवस्था कडा पारिएको छ । यस्तै, सुदूरपश्चिम प्रदेशमा समेत भारतबाट स्वदेश फर्कनेको निगरानी राख्न सुरु गरिएको छ । पछिल्लो समय नयाँवर्ष मनाउन स्वदेश फर्कनेको चाप बढेको सुदूरपश्चिम प्रदेशका प्रहरी प्रमुख डीआईजी उत्तमराज सुवेदीले बताए । सीमा क्षेत्रमा होल्डिङ सेन्टर राख्ने तयारी भइरहेको समेत उनले बताए ।

कोभिड-१९ को संक्रमण बढ्न थालेपछि गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई क्वारेन्टाइन र आइसोलेसन तयारी अवस्थामा राख्न निर्देशन दिएको छ । ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई दुई दिनअघि नै परिपत्र गरिसकिएको मन्त्रालयले जनाएको छ ।

## मालेले...

नम्बर पातामा अँग्रेजी भाषा र लिपि प्रयोग गरिएको छ । यसले नेपाली भाषा र देवनागरी लिपिको प्रचलनलाई हियाउने अराष्ट्रिय कार्य गरेको छ । (ख) यसमा जडित हुने 'माइक्रो चिप'बाट गाडी धनीको सम्पूर्ण बैयक्ति विवरण र स्थानको स्थिति भूउपग्रहबाट टिप्न सकिन्छ । र, यस्तो कार्य गर्ने ठेक्का एउटा पश्चिमा विदेशी कम्पनिलाई दिइएको छ । यसले राष्ट्रिय सुरक्षामा भ्वाँङ् पार्ने गरेको गर्दछ । यस्तो अराष्ट्रिय र राष्ट्रिय सुरक्षामा भ्वाँङ् पार्ने कार्यलाई जेजस्तो विधि अपनाएर भए पनि तत्काल रोक्नको निम्ति म सम्माननीय प्रधानमन्त्रीको ध्यान आकर्षित गर्दछु ।

२. बैठकले अन्तर्राष्ट्रिय कानुन र द्वीपक्षीय सहमतिको धज्जी उडाउँदै भारत सरकारले दार्चुला जिल्ला सदरमुकामको महाकाली नदीको पश्चिमी किनारमा नदीको धार नेपालतर्फ मोड्ने गरी नेपालले बिरोध गर्दागर्दै १२० मिटर लामो पक्का तटबन्ध बनाइसकेको छ । अहिले त्यहीं २५ मिटर तटबन्धन थप्न भारत सरकारले जग खन्ने काम गरेको छ । यो हद बर्जाको बल मिचाइ हो । भारत सरकारले नेपालको ब्यास क्षेत्र (४०० वर्ग किमी) कब्जा गर्नु सिङ्गो नेपाललाई उपनिवेश बनाउने त्यसको नयाँ कदम हो भनी नेकपा (माले) ले २०७६ सालको कार्तिकमै भनेको थियो । यो बैठक भारत सरकारको यो बलमिचाइ र उपनीवेशवादी-विस्तारवादी मिचाहा कार्यको डटेर बिरोध गर्छ; र उक्त तटबन्ध निर्माण कार्यलाई अविलम्व रोक्न माग गर्दछ । साथै, नेकपा (माले) यो सरकारलाई भारतीय हेपाहा-मिचाहा कार्यलाई रोक्नको लागि प्रभावकारी कुटनैतिक कदम चाल्ने आग्रह गर्दछ ।'

## राष्ट्रिय पहिचान...

सुशासन र पारदर्शिता छ ? कूटनीतिक मर्यादा छ ? स्थानीय सरकारमा जनताको प्रतिनिधित्व छ ? संसद छ ? संसदले चुनेको सरकार छ ? सरकार जनताप्रति उत्तरदायी छ ? जनताका जल्दाबल्दा समस्याप्रति सरकार संवेदनशील छ ? जनतामा दलहरूप्रति आस्था र विश्वास बाँकी छ ? नेपालबारे नेपालीले नै निर्णय गर्ने हक सुरक्षित छ ? छैन । त्यसो भए यो लोकतन्त्र हो कि पराइतन्त्र ? यो सुशासन हो कि दुशासनहरूको कुशासन ? जनताले प्रश्न गर्नुपर्छ । जनता बोल्नुपर्छ । जाग्नुपर्छ । उठ्नुपर्छ । विदेशी षड्यन्त्रकारी र तिनका आज्ञाकारी दासहरूको सशक्त विरोध गर्नुपर्छ । विदेशीले उचाल्दा मात्र 'जनआन्दोलन' गर्ने ज्युँदा लासहरूले अब आफैंलाई चिमोट्नुपर्छ । ज्युँदै छन् भने लाखौं जनता मिलेर सडकमा आउनैपर्छ ।

स्यामुअल पी. हन्टिङटन र रबर्ट डि. काप्लान लगायतका विद्वान्ले सभ्यता एवं पहिचानको लडाइँ, जनसंख्या विस्फोट, प्राकृतिक स्रोत साधनमा झगडा तथा उग्र जातिवादले देश कमजोर हुन्छ भनेका छन् । राष्ट्रवादी चेतनाको अभावमा राष्ट्रिय पहिचान कमजोर हुने, जातीय द्वन्द्व बढ्ने र लामो संक्रमणकालमा अरुले खेल्न सक्ने चेतावनी दिएका छन् । मोल्दोभा, अर्मेनिया, अजरबैजान, जर्जिया, चेच्न्या, आदिले भोगेको पीडा जातीय उन्मादकै कारण उत्पन्न भएको हो । राष्ट्रिय पहिचान बिर्सेर जातको पहिचान खोज्दा करोडौं जनताको बेहाल भएको छ ।

आइरिस द्वन्द्वबारे लामो अध्ययन गरेका सहप्राध्यापक जोन कुकलीले जातीय पहिचानको उग्र भावनालाई मत्थर पार्न राष्ट्रवादले सहजकर्ताको धरातल निर्माण गर्ने तर्क दिएका छन् । सन् १९२२ देखि ब्रिटेनसँग युद्ध गरेका आइरिसहरूले भोगेको पीडाको चित्रण गर्दै उनले अन्ततः राष्ट्रिय पहिचानको धरातलमा भीषण युद्ध टुंगिएको बताएका छन् ।

यता नेपालका माओवादीले भने राष्ट्रिय स्वाभिमानका नाममा कथित जनयुद्ध सुरु गरेर अठार हजार जनता र पचासौं अर्ब राष्ट्रिय सम्पत्ति खरानी बनाए । अन्ततः विदेशी शक्तिसँग मिलेर जातीय राज्यलाई बाइसे चौबीसे राज्यका रुपमा स्थापना गर्न खोजे । संघीयताको नारा र गणतन्त्रको नाटक त्यही षड्यन्त्रका लागि हो । पृथ्वीनारायण शाहको विरोध इसाईहरू रिझाउनका लागि मात्र हो ।

डा.सन् यत् सेन, तोदो हिदेको, यासेर अराफात, फ्रान्सिस्को फ्रान्को, च्याङ् काइ सेक आदिलाई इतिहासकारहरूले राष्ट्रिय पहिचानका लागि संघर्ष गर्ने राष्ट्रवादी नेता भनेका छन् । तर नर्वेका भिड्कुन अब्राहम क्विजलिङ जस्ता राष्ट्रघाती पनि थिए, जसले आफ्नै देशमाथि जर्मनीको हमला गराएर राजा हाकोनलाई कैदी बनाए र आफू प्रधानमन्त्री भए । उनलाई आज पनि राष्ट्रघाती (ट्रेटर) भनेर घृणा गरिन्छ ।

सुन्दर इतिहास बनाउने मौका पाएर पनि नेपालका नेताहरू 'ट्रेटर' बनेका छन् । यसमा एमाले, कांग्रेस र तराईकेन्द्रित दलका कतिपय पार्टी पदाधिकारी, अगुवा कार्यकर्ता आदि पनि पर्छन् । जनताले यी राष्ट्रघातीहरूकै एजेन्डा स्वीकार गर्ने हो भने राष्ट्र बचाउँछ कसले ? विदेशी षड्यन्त्रहरूको पर्दाफास गर्छ कसले ? स्वाभिमानको लडाइँ हाक्छ कसले ? राष्ट्रियताको रक्षा गर्छ कसले ?

राष्ट्रवादी कवि नवराज कार्कीले एउटा गीत लेखेका छन्- 'करोड मुटुहरूको एउटै धुकधुकी नेपाल, न तिमी हुन्छौ न म नै हुन्छु नभए नेपाल ।' गीत सुन्दा राष्ट्रवादीहरूको आँखा रसाउँछ । भावशून्य बन्छन् स्रोता तर राष्ट्रघातीहरूलाई प्रबल राष्ट्रिय भावनाले कहिल्यै स्पर्श गर्दैन । उनीहरू राष्ट्रियता, राष्ट्रवाद र राष्ट्रिय पहिचानको अर्थ बुझ्दैनन् ।

आधारभूत चरित्र (बेसिक क्यारेक्टर) तथा राष्ट्रिय पहिचान एक अर्काका पूरक हुन् । जंगलमा हराएको स्यालको बच्चालाई एउटी बघिनीले आफ्नै दूध खुवाएर पालिछ । अलि ठूलो भएपछि बघिनीका अरु सन्तानले त्यसलाई पनि सिकार खोज्न लगेछन् । जंगलमा हात्ती, गैंडा लगायतका अनेकौं जन्तुहरू देख्दा स्यालको बच्चा साह्रै डराएछ । साँझमा बघिनीका सन्तानले आमालाई सबै कुराको बेलिविस्तार लगाएछन् । बघिनीले भनिछ- 'मेरो दूध खाँदैमा यो स्यालको छाउरामा हिम्मत आउँदैन । यसलाई आजै जंगलबाट निकालिदिन्छु ।'

नक्कली नागरिकता लिएका र विदेशीका दास बनेकाहरू पनि त्यस्तै हुन् । नेपाल आमाले शरण दिँदैमा ती खाँटी नेपाली हुन सक्दैनन् । नेपाली हुन नेपाललाई माया गर्नुपर्छ । राष्ट्रवादी हुनैपर्छ ।